(कार्यान्वयन संस्करण)

# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट

# (अर्थ मन्त्रालय)

# तथा

# संयुक्त राज्य अमेरिकाको तर्फबाट

# (मिलेनियम च्यालेन्ज कर्पोरेशन)

# बीच

# सम्पन्न

# कार्यक्रम कार्यान्वयन सम्झौता

*(कानुन किताब व्यवस्था समितिद्वारा २०७७ साल मङ्सिर २३ गते गरिएको आधिकारिक अनुवाद)*

# विषयसूची


| | |
|---|---|
| धारा १. | पक्षका सामान्य दायित्व |
| दफा १.१ | परिभाषा |
| दफा १.२ | सरकारको भूमिका |
| दफा १.३ | एमसिए-नेपालको भूमिका |
| धारा २. | कार्यान्वयन ढाँचा |
| दफा २.१ | कार्यान्वयन योजना |
| दफा २.२ | आर्थिक उत्तरदायित्व योजना |
| दफा २.३ | अनुगमन र मूल्यांकन योजना |
| दफा २.४ | वातावरणीय तथा सामाजिक कार्यसम्पादन योजना |
| दफा २.५ | सामाजिक र लैंगिक समावेशीकरण योजना |
| दफा २.६ | एमसिसि कार्यक्रम खरीद निर्देशिका र एमसिसिबाट अनुदान स्वीकृति |
| दफा २.७ | प्रदायकलाई सूचना, गठन |
| दफा २.८ | प्रतिवेदन, सूचना |
| दफा २.९ | एमसिसिको स्वीकृतिमा हुने कारोबार |
| दफा २.१० | कार्यान्वयनमा निश्चित निकायको भूमिका |
| दफा २.११ | प्रचारप्रसार र पारदर्शिता |
| दफा २.१२ | ब्राण्डिङ्ग गर्ने र लागू हुने |
| दफा २.१३ | सरकारको योगदान |
| धारा ३ | एमसिसिबाट प्राप्पत लगानी रकमको वितरण |
| दफा ३.१ | वितरण प्रक्रिया |
| दफा ३.२ | कम्प्याक्ट विकास रकम वितरणका पूर्व शर्त |
| दफा ३.३ | कार्यक्रमको रकमको प्रारम्भिक वितरणका पूर्व शर्त |
| दफा ३.४ | कार्यक्रम रकम वितरणका पूर्व शर्त |
| दफा ३.५ | आधिकारिक रुपमा भएको खर्च |
| धारा ४ | सम्झौताको प्रभावाकरिता; कम्प्याक्टको अन्त्य, निलम्बन वा समाप्तिको परिणाम |
| दफा ४.१ | प्रस्तुत सम्झौता लागू हुने |

दफा ४.२ कम्प्याक्टको अन्त्य, निलम्बन वा समाप्तिको परिणाम

धारा ५ सामान्य व्यवस्था

दफा ५.१ प्रतिनिधि

दफा ५.२ सञ्चार

दफा ५.३ हस्तान्तरण

दफा ५.४ संशोधन, छुट

दफा ५.५ संलग्न दस्तावेज

दफा ५.६ अमिल्दोपना

दफा ५.७ यस सम्झौताको अन्त्य

दफा ५.८ कायमै रहने

दफा ५.९ एमसिसिलाई उपलब्ध गराइएको जानकारी

दफा ५.१० लागू हुने कानून

दफा ५.११ समकक्षी: विद्युतीय सम्प्रेषण

अनुसूची १ परिभाषा

अनुसूची २ कार्यक्रम अन्तर्गतको लगानी रकमको पूर्व शर्त

अनुसूची ३ अपेक्षित सरकारी योगदान

अनुसूची ४ सरकारी योगदानको व्यवस्थापन सम्बन्धी सिद्धान्त

# कार्यक्रम कार्यान्वयन सम्झौता

## प्रस्तावना

प्रस्तुत कार्यक्रम कार्यान्वयन सम्झौता ***("सम्झौता")*** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट अर्थ मन्त्रालय ***("सरकार")*** तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट संयुक्त राज्य अमेरिकाको सरकारी निगम मिलेनियम च्यालेन्ज कर्पोरेशन ***("एमसिसि")*** बीच सम्पन्न भयो । (एमसिसि तथा सरकारलाई एकल रूपमा ***("पक्ष")*** र सामूहिक रुपमा ***("पक्षहरु")*** भनी सम्बोधन गरिएको)

संयुक्त राज्य अमेरिकाको तर्फबाट एमसिसि र सरकार बीच १४ सेप्टेम्बर २०१७ (तदनुसार २०७४।०५।२९) मा हस्ताक्षर भएको मिलेनियम च्यालेन्ज कम्प्याक्ट ***("कम्प्याक्ट")*** मा नेपालमा आर्थिक बृद्धिबाट गरिबी न्यूनीकरण गर्ने कार्यक्रमको लागि एमसिसिले सरकारलाई ५००,०००,०००।-(पचास करोड) अमेरिकी डलर सम्मको सहायता उपलब्ध गराउने र सरकारको तर्फबाट कार्यक्रममा योगदान गरिने १३०,०००,०००।-(तेह्र करोड) अमेरिकी डलर सम्मको रकमका सम्बन्धमा तय भएको सामान्य शर्तलाई स्मरण गर्दै,

कम्प्याक्ट र सम्बन्धित सम्झौताहरु अन्तर्गतको निश्चित अधिकार र दायित्वलाई पूरा गर्न एमसिए-नेपाललाई सरकारले तोकेको कुरालाई पनि स्मरण गर्दै, र

कम्प्याक्ट र कार्यक्रमलाई कार्यान्वयन गर्न थप शर्तहरु तय गर्न पक्षहरु इच्छुक भएको कुरालाई आत्मसात गर्दै,

पक्षहरु देहाय बमोजिम गर्न सहमत भएका छन्ः

## धारा १

### पक्षहरुका सामान्य दायित्व

दफा १.१परिभाषा

यस सम्झौतामा प्रयोग भएका ठूला अक्षर (क्यापिटल) का शब्दहरु र यस सम्झौतामा परिभाषा नगरिएका शब्दहरुका अर्थ कम्प्याक्टमा उल्लेख भए बमोजिम हुनेछन्। अन्य ठूला अक्षर (क्यापिटल) का शब्दहरुका अर्थ अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन्।

दफा १.२सरकारको भूमिका

(क) सरकारको दायित्व: सरकारले कम्प्याक्ट, प्रस्तुत सम्झौता र अन्य कुनै पूरक सम्झौता अन्तर्गत (कम्प्याक्टको अवधि पछिका कुनै क्रियाकलाप, लेखापरीक्षण वा अन्य दायित्व समेत) आफ्ना सबै दायित्व पूरा गर्न तत्काल सबै आवश्यक र उपयुक्त कारवाही गर्नेछ र सरकारको तर्फबाट कार्यक्रम कार्यान्वयनलाई हेर्न र व्यवस्थित गर्न आफ्ना अधिकार र दायित्व पर्याप्त रुपमा एमसिए-नेपाल समेतका निकायहरुलाई (प्रत्येकलाई "***स्वीकृत निकाय***" भनिएको ) लाई प्रत्यायोजन गर्नेछ।

(ख) सरकारले गरेको कबुल:

(१) नियन्त्रणमा लिने, हक प्राप्त गर्ने वा दावी गर्ने सम्बन्धी (क) कार्यक्रम सम्बन्धी कुनैपनि सम्पत्तिलाई नियन्त्रणमा लिने, अन्त्य गरिने, हक प्राप्त गरिने, जफत गरिने वा खारेजीमा पारिने छैन र नेपालको प्रचलित कानून वा पछि बन्ने कानूनले पनि त्यस्तो नियन्त्रणमा लिने, अन्त्य गर्ने वा जफत गर्ने किसिमको कुनै प्रभाव पार्ने छैन, र (ख) एमसिसिको पूर्व लिखित स्वीकृति बिना कार्यक्रम सम्बन्धी कुनै पनि सम्पत्तिलाई कुनै अधिग्रहणमा पारिने, जफत गरिने, फैसला कार्यान्वयन गरिने, धितोमा राखिने वा कुनै पनि प्रकारको दाबी लिइने छैन। त्यसरी स्वीकृति नलिइएको अधिग्रहणमा प्रयोग गरिएमा सरकारले त्यस्तो अधिग्रहण फुकुवा गराउने छ र त्यस्तो अधिग्रहण फुकुवा गराउन अदालतको अन्तिम आदेश वा फैसलाको कारण नमिल्ने भएमा त्यस्तो फुकुवा गर्न लाग्ने खर्च रकम सरकारले व्यहोर्ने छ तर त्यस्तो दायित्व (प्रत्येक ***"दायित्व"***) पूरा गर्न एमसिसिको वा कार्यक्रमको सम्पत्ति उपयोग गरिने छैन।,

(२) मूर्त सम्पत्ति (घर जग्गा) लगायतका कार्यक्रमका सम्पत्तिको अन्त्य सरकारले मूर्त सम्पत्ति लगायतका कार्यक्रका सम्पत्तिलाई एमसिसिको पूर्व लिखित सहमति बिना देहायका कुरा हुन नदिने सुनिश्चितता गर्नुपर्छ:-

(क) कसैलाई पूर्ण वा आंशिक रुपमा लिजको वा उप-लिजको अधीनमा राख्ने,

(ख) पूर्ण वा आंशिक रुपमा त्यस्तो सम्पत्ति बेचबिखन गर्ने, दान बकस दिने वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्ने ।

यसका साथै कम्प्याक्टको म्याद समाप्त भएपछि वा अन्त्य भएपछि एमसिसि कार्यक्रम अन्त्य सम्बन्धी निर्देशिकाको अधीनमा रही एमसिसि र नेपालले राखेको मूर्त सम्पत्ति लगायत कार्यक्रम सम्बन्धी सम्पत्ति माथि सो समाप्तिको पाँच वर्षको अवधि सम्म एमसिसिको भविष्यदर्शी हित कायम हुनेछ र यदि त्यस पाँच वर्षको अवधिमा सरकारले त्यस्तो सम्पत्ति बेचबिखन गर्न वा कार्यक्रमसँग असम्बन्धित उद्देश्यको लागि प्रयोग गरेमा वा

परियोजनाका उद्देश्यलाई बढावा नदिने भएमा त्यस्तो सम्पत्तिमा रहेको एमसिसिको भविष्यदर्शी हित वापत सो समयको बजार मूल्य बमोजिम हुन आउने रकम सरकारले एमसिसिलाई क्षतिपूर्ति स्वरुप तिर्नुपर्नेछ।

(३) <u>वातावरणीय र सामाजिक कार्य सम्पादन</u> एमसिसि र सरकारले अन्यथा लिखित सहमति गरेकोमा बाहेक सरकारले कम्प्याक्ट अन्तर्गत एमसिसिको पूर्ण वा आंशिक( प्रत्यक्ष वा अप्रत्यक्ष) लगानी भएका सबै परियोजना र क्रियाकलापहरुले अन्तर्राष्ट्रिय वित्तीय कर्पोरेसनको वातावरणीय तथा सामाजिक कार्य सम्पादन मापदण्ड ("आइएफसी पर्फमेन्स स्टेण्डर्ड" समय समयमा लागू भएका) ले तय गरेको वातावरणीय तथा सामाजिक कार्य सम्पादन मापदण्ड समेतलाई उद्दत गरिएको एमसिसिको वातावरणीय मार्गनिर्देशनको परिपालना गरेको सुनिश्चितता गर्नेछ। साथै, कम्प्याक्टसँग नबाझिने हदसम्म सरकारले परियोजना र क्रियाकलापहरु गर्दा वातावरण सम्बन्धी सबै राष्ट्रिय कानून र नियम, इजाजत र अनुमतिको पालना भएको सुनिश्चितता गर्नेछ। एमसिसिले अन्यथा लिखित सहमति गरेकोमा बाहेक सरकारले विशेष रुपमा उपलब्ध नगराइएको वा विशेषत: कुनै परियोजना वा क्रियाकलापको विस्तृत वित्तिय योजनाको लागि छुट्याइएको एमसिसि अन्तर्गतको लगानीको सीमा भन्दा बढी हुने वातावरणीय र सामाजिक प्रभाव न्यूनीकरणका सबै उपायहरु अपनाउँदाको खर्च (कुनै सीमा बिना नै पुनर्स्थापनाको खर्च समेत) सरकारले व्यहोर्नेछ।

(४) <u>लैंगिक तथा सामाजिक समावेशीकरण</u> एमसिसि र सरकारले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक सरकारले एमसिसिले पूर्ण वा आंशिक रुपमा (प्रत्यक्ष वा अप्रत्यक्ष) लगानी गरेका, संचालन गरेका वा सहयोग गरेका सबै परियोजना र क्रियाकलापले वा एमसिसिको लैंगिक नीति र एमसिसिको लैंगिक समावेशीकरण निर्देशिकाको पालना गरेको सुनिश्चितता गर्नेछ।

(५) <u>रणनीतिक सडक संजाल</u> रणनीतिक सडक मर्मत कार्य सम्बन्धी क्रियाकलाप अन्तर्गतको मर्मत कार्यमा सरकारले देहायको प्रतिबद्धता जनाउनेछ;

(क) कम्प्याक्टमा भएको शर्त बमोजिम प्रस्तुत सम्झौता हस्ताक्षर भएपछि एमसिसिलाई प्रत्येक वर्षको अक्टोबर ३१ (मध्य कार्तिक) भित्र सरकारको राजमार्ग व्यवस्थापन सूचना प्रणाली उपलब्ध गराउने र त्यसलाई वार्षिक रुपमा निम्न कुरासँगै अद्यावधिक गर्ने: (१) एमसिसिसँग सहमति गरिएको कार्यसूची बमोजिम सम्पूर्ण रणनीतिक सडक संजालको विक्षेपण (डिफ्लेक्सन) नाप, (२) रणनीतिक सडक संजालको अन्तर्राष्ट्रिय रुखोपना (रफनेस) सूचकांक, र (ग) रणनीतिक सडक संजालको सतह अवरोध सूचकांक (सरफेस डिस्ट्रेस इनडेक्स) (एसडिआई); र

(ख) रणनीतिक सडक संजाल कार्य सम्बन्धी क्रियाकलाप अन्तर्गत मर्मत कार्य शुरु नभएसम्म मर्मतको लागि छनौट भएको ३०६ किलोमिटरको रणनीतिक सडक संजाललाई थप बिग्रन नदिनको लागि पर्याप्त मर्मत सम्भारलाई निरन्तरता दिने ।

दफा १.३<u>एमसिए-नेपालको भूमिका</u>

(क) <u>एमसिए-नेपालको छनौट</u>

(१) कम्प्याक्टको दफा ३.२ (ख) बमोजिम सरकारले एक विकास समितिको रुपमा रहेको एमसिए-नेपाललाई सरकारको मुख्य प्रतिनिधिका रुपमा कार्यक्रम कार्यान्वयन गर्न र कुनै अवरोध बिना नै परियोजना र यसका क्रियाकलापहरुको सम्बन्धमा विनियोजन भएका स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने, खरीद प्रक्रियाको व्यवस्था गर्ने समेतको कार्यक्रम हेर्ने, व्यवस्थापन गर्ने र लागू गर्ने सरकारको अधिकार र दायित्वको परिपालना गर्ने (***"तोकिएको***

***अधिकार र दायित्व"***) गरी तोकेको छ। कम्प्याक्ट र प्रस्तुत सम्झौता अन्तर्गत वा यी सँग सम्बन्धित सरकारको दायित्व कार्यान्वयन गर्ने अन्तिम जिम्मेवारी सरकारको नै रहने भन्ने कुरालाई पक्षहरुले ध्यानमा राखेका छन्।

(२) सरकारले एमसिए-नेपाल कम्प्याक्ट अवधि भर रीतपूर्वकक संगठित निकायका रुपमा रहने, यसमा पर्याप्त कर्मचारी रहने र तोकिएका अधिकार र दायित्व पूरा गर्न सक्षम रहने कुराको सुनिश्चितता गर्नेछ।

(३) कार्यक्रम निर्देशिकामा उल्लिखित गरिएको "उत्तरदायी निकाय" भन्नाले एमसिए-नेपाललाई बुझिनेछ र कार्यक्रम निर्देशिकामा "उत्तरदायी निकाय" लाई तोकिएका सबै दायित्व एमसिए-नेपालका दायित्व हुनेछन्।

(ख) एमसिए-नेपालको सम्बन्धमा सरकारले गरेको अतिरिक्त कबुल सरकारले एमसिसिलाई देहाय बमोजिम कुरामा विश्वस्त गर्नेछ:

(१) अधिकार र अख्तियारी एमसिए-नेपाललाई निम्न अधिकार र अख्तियारी रहनेछ:- (क) तोकिएको अधिकार र दायित्वको हदसम्म सरकारलाई बाध्यकारी बनाउने, (ख) यस सम्झौता, कम्प्याक्ट, अन्य कुनै पूरक सम्झौता वा कार्यक्रम निर्देशिका बमोजिमका प्रत्येक सम्झौता, प्रमाणपत्र वा लिखत कार्यान्वयन गर्ने र उपलब्ध गराउने, र (ग) यस सम्झौता, कम्प्याक्ट र यस सम्झौता अन्तर्गतका अन्य कुनै पूरक सम्झौता वा कार्यक्रम निर्देशिकाले परिकल्पना गरेका प्रत्येक सम्झौता, प्रमाणपत्र वा लिखत अन्तर्गतका आफ्ना दायित्व पूरा गर्ने।

(२) सरकारको दायित्व एमसिए-नेपालले देहायका कर्य गर्नेछ:-(क) तोकिएका अधिकार र दायित्वलाई प्राविधिक, वित्तिय र व्यवस्थापनको असल अभ्यास अनुरुप र कम्प्याक्ट, प्रस्तुत सम्झौता, सिडिएफ सम्झौता, प्रत्येक अन्य पूरक सम्झौता र कार्यक्रम निर्देशिका बमोजिम उचित सावधानीका साथ विचारपूर्वक, सक्षमताका साथ कार्यान्वयन गर्नेछ (कम्प्याक्ट, यस सम्झौता, र एमसिसि र सरकार बीच जुलाई २०, २०१६ (२०७३।०४।०५) मा सम्पन्न भएको संशोधित तथा पुनर्लिखित प्रारम्भिक प्राविधिक सहयोग अनुदान सम्झौता ("***सिडिएफ सम्झौता***") वा अन्य कुनै पूरक सम्झौतामा उल्लेख भएका दायित्व समेत), (ख) दफा २.१० मा व्यवस्था भएकोमा बाहेक वा परियोजनाका साझेदारलाई बाहेक एमसिसिको पूर्व लिखित सहमति बिना तोकिएको कुनै पनि अधिकार र दायित्व अन्य कसैलाई पनि तोक्ने, प्रत्यायोजन गर्ने वा हस्तान्तरण गर्नेछैन, र (ग) एमसिसिको पूर्व लिखित सहमति बिना तोकिएको अधिकार र दायित्व भन्दा बाहेक कुनै पनि क्रियाकलाप, कर्तव्य वा दायित्व स्वीकार गर्नेछैन।

(३) सरकारको प्रतिनिधित्व एमसिए-नेपालले सम्प्रेषण गरेको कुनै पनि सम्झौता, प्रमाणपत्र वा लिखतमा गरिएको प्रत्येक प्रतिनिधित्व सरकारको तर्फबाट गरिएको भन्ने पुष्टि गर्नको लागि त्यस्तो प्रतिनिधित्व गर्नु पूर्व नै आवश्यक सबै अनुमति प्रतिनिधिले प्राप्त गरेको छ भन्ने सुनिश्चितता गर्नेछ।

(४) स्वायत्तता सरकारले देहायका कुराको सुनिश्चितता गर्नेछ: (क) एमसिए-नेपालको कुनै पनि निर्णयमा अन्तिम र पुनरावेदन हुन नसक्ने न्यायिक निर्णयबाट बाहेक कुनै पनि सरकारी अधिकारीले कुनै फेरबदल वा थपघट गर् वा अनुचित दवाव दिने वा अन्य गर्ने छैन र (ख) यस सम्झौता र कम्प्याक्ट बमोजिम बाहेक एमसिए-नेपालको अख्तियारीलाई विस्तार गरिने, रोक लगाइने वा अन्यथा फेरबदल गरिनेछैन।

(५) एमसिए-नेपालको संचालन एमसिए-नेपालले एमसिसिलाई सन्तुष्टि हुने ढाँचा र व्यवस्थाका साथ आन्तरिक नियम र नियमावली वा विनियम पारित गर्नेछ ("***विनियम*** ")। एमसिए-नेपालले संचालन दस्तावेज (विनियम समेत) र संचालन निर्देशिका बमोजिम आफ्नो कार्यहरु संचालन र व्यवस्थापन गर्नेछ।

(६) <u>खर्च सम्झौता: सामान्य व्यवस्था अनुसूची</u> एमसिए-नेपालले वित्तिय प्रतिनिधि (र एमसिसिले अनुरोध गरेमा एमसिसिलाई समेत) लाई एमसिसिको लगानीबाट (प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा) खर्च गरिएको (प्रत्येक ***"खर्च सम्झौता"***), त्यस्तो सम्झौताको सम्बन्धमा स्वीकृति गर्ने अधिकार एमसिसिलाई भए वा नभए पनि एमसिसिलाई प्रत्येक सम्झौताको प्रति उपलब्ध गराउनेछ। एमसिसिले अन्यथा निर्देशन दिएकोमा बाहेक प्रत्येक खर्च सम्झौतामा देहायका कुरा उल्लेख गर्नेछ:- (क) त्यस्ता सम्झौताका अर्का पक्षले पालना गर्ने शर्त सम्बन्धी सम्झौता जसमा (१) सामान्य व्यवस्था अनुसूची र (२) त्यस्तो अर्को पक्षले एमसिए-नेपालले दिएको निर्देशनको अतिरिक्त एमसिसिबाट त्यस्तो पक्षको कार्यसम्पादनको सम्बन्धमा सामान्य व्यवस्था अनुसूचीको शर्त बमोजिम दिएको कुनै निर्देशन; र (ख) एमसिए-नेपाललाई त्यस्तो अर्को पक्षले त्यस्तो सामान्य व्यवस्था अनुसूची वा त्यस्ता कुनै निर्देशन पालना गर्न नसकेमा खर्च सम्झौता अन्त्य गर्न सक्ने अधिकार।

(७) <u>बीमा: कार्यसम्पादन जमानत</u> एमसिए-नेपालले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी सबै कार्यक्रम सम्पत्तिको बीमा (कुनै सीमा रहित स्वबीमा सहित) गर्नेछ र कार्यक्रम संचालनमा हुने जोखिम र दायित्व समावेश गर्ने अन्य त्यस्ता उपयुक्त बीमाको व्यवस्थाका साथै प्रदायकले पर्याप्त बीमा र कार्यसम्पादन धितो वा अन्य जमानत समेत उपलब्ध गराउने व्यवस्था गर्नेछ। एमसिसिको पूर्व सहमतिबाट त्यस्तो बीमा प्राप्त गर्नको लागि एमसिसिको लगानी रकमको प्रयोग गर्न सकिनेछ। एमसिए-नेपाल (वा एमसिसिको पूर्व सहमति सहित उपयुक्त अन्य निकाय) लाई त्यस्तो बीमाको भुक्तानी लिने गरी तोक्न वा त्यस्तो कुनै जमानत वा धितोको लाभग्राही भनी तोक्न सकिनेछ।यदि बिमित पक्ष भनी नामाकरण नगरिएको भएमा एमसिए-नेपाल (र त्यस्तो अनुरोध गरेकोमा एमसिसि) लाई त्यस्तो कुनै बीमामा अतिरिक्त बिमितको रुपमा राखिनेछ। सरकारले त्यस्तो बीमा वा जमानत अन्तर्गत भएको दाबी भुक्तानी सम्बन्धी कुनै पनि प्रतिफल प्राप्त भएमा तत्काल एमसिसिलाई सूचना दिनेछ र त्यस्तो प्रतिफललाई कार्यक्रमको सम्पत्तिमा भएको कुनै क्षति वा ह्रास मिलान गर्न वा मर्मत गर्न प्रयोग गरिने कुराकोसुनिश्चितता गर्नेछ। यद्यपि, त्यस्तो प्रतिफललाई एमसिए-नेपालले तोकेको वा एमसिसिले अन्यथा निर्देशन गरे बमोजिमको स्वीकृत खातामा दाखिला गरिनेछ।

(८) <u>एमसिए-नेपाललाई क्षतिरहित गर्नुपर्ने</u> कुनै सम्झौता अन्तर्गत एमसिए-नेपालले कसैलाई क्षति रहित गर्नुपर्ने वा कुनै अन्य त्यस्तै व्यवस्था अन्तर्गत यसलाई कुनै दायित्व तोकिएमा एमसिए-नेपालको तर्फबाट सरकारले त्यस्तो क्षतिरहित गर्ने वा दायित्व पूरा गर्नेछ र त्यस्तो दायित्व पूरा गर्न एमसिसिको लगानीको रकम वा सो अन्तर्गतको कुनै कार्यक्रमको सम्पत्ति प्रयोग गरिनेछैन। यसका अतिरिक्त, एमसिए-नेपालको संचालक समितिका प्रत्येक सदस्य (प्रत्येक पर्यवेक्षक समेत), कुनै सरोकारवाला समितिको प्रत्येक सदस्य र एमसिए-नेपाल कार्यालयका अधिकृत तथा कर्मचारीले एमसिए-नेपालको तर्फबाट कर्तव्य पालना गर्ने सिलसिलामा गरेको कुनै कार्यलाई लिएर कुनै दाबी, क्षति, कारवाही, दायित्व, लागत, नोक्सानी वा खर्च तिर्नु, व्यहोर्नु परेमा सरकारले त्यस्तो व्यक्तिका तर्फबाट तिर्नु, बुझाउनुपर्ने दायित्व तिरी, बुझाइ त्यस्तो व्यक्तिलाई क्षति रहित गर्नेछ। तर त्यस्तो कुनै दाबी, क्षति, कारवाही, दायित्व, लागत, नोक्सानी वा खर्च सम्बन्धित व्यक्तिले जालसाजी, गम्भीर हेलचक्र्याई वा नियोजित रुपमा कुनै कसूर गरेको पाइएमा सो हदसम्म सरकारलाई त्यस्तो व्यक्तिलाई क्षतिरहित गर्नुपर्ने पनि कुनै दायित्व हुनेछैन र दफा १.३(ख)(८) अन्तर्गतको दायित्व पूरा गर्न सरकारले एमसिसिको लगानीको रकम वा कुनै कार्यक्रमको सम्पत्ति प्रयोग गर्नेछैन।

(९) <u>एमसिए-नेपालमा पदपूर्ति गर्ने अभ्यास</u>एमसिए-नेपालले सबै अधिकृत र कर्मचारीको पद निष्पक्ष, प्रतिष्पर्धात्मक र विभेदरहित प्रकृयाबाट पदपूर्ति गर्नेछ। अधिकृत र कर्मचारी भर्ना गर्दा राष्ट्रियता वा नागरिकतालाई कुनै विचार नगरी गरिनेछ।

(१०) <u>विदेशी कर्मचारी</u> सरकारल देहाय बमोजिम सहमत भएको छ:- (क) कुनै विदेशी कर्मचारी (व्यक्तिगत परामर्शदाता वा फर्मको कर्मचारी) लाई तत्काल उपलब्ध गराइनुपर्ने आवश्यक दस्तावेज, प्रवेशाज्ञा र कम्प्याक्ट अन्तर्गत मालवस्तु, कुनै कार्य वा सेवा उपलब्ध गराउन र त्यस्ता विदेशी कर्मचारी र तिनका परिवारलाई तत्काल प्रवेश भिसा उपलब्ध गराउन र (ख) त्यस्ता अन्य दस्तावेज विदेशी व्यक्ति (व्यक्तिगत परामर्शदाता वा फर्मको कर्मचारी) लाई कम्प्याक्ट अवधिभरि कम्प्याक्ट अन्तर्गत मालवस्तु, कुनै कार्य वा सेवा उपलब्ध गराउन सेवा सम्पादन गर्न र नेपालमा रहनको लागि बीचैमा कुनै अवधिको लागि देशबाट बाहिर जानु नपर्ने गरी कार्य अनुमति सहित र त्यस्ता अन्य आवश्यक दस्तावेज समेत उपलब्ध गराउने।

## धारा २

## कार्यान्वयन ढाँचा

दफा २.१<u>कार्यान्वयन योजना</u>

कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक ढाँचालाई एमसिसिले स्वीकृत गरेको रुप र सार बमोजिम लिखतहरुमा थप विस्तार गरिनेछ, जसमा निम्न लिखतहरु पर्दछन्: (१) कार्ययोजना, (२) विस्तृत वित्तिय योजना, (३) लेखापरीक्षण योजना र (४) खरीद योजना (प्रत्येकलाई ***"कार्यान्वयन योजना दस्तावेज"*** र सामूहिक रुपमा "***कार्यान्वयन योजना***" भनिने) समावेश हुनेछ। एमसिए-नेपालले कार्यक्रमको वित्तिय स्रोत वितरण गर्नु पूर्व र त्यसपछि कम्तिमा पनि वार्षिक रुपमा (वा कार्यक्रम निर्देशिका बमोजिम आवश्यक भएमा अन्य त्यस्ता आवधिक रुपमा) एमसिसिबाट पुनरावलोकन स्वीकृतिको लागि प्रस्तावित कार्यान्वयन योजना पेश गर्नेछ। एमसिसिले त्यस्तो प्रस्तावित कार्यान्वयन योजना पुनरावलोकन गर्नेछ र आवश्यक भएमा एमसिए-नेपाललाई पुष्ट्याई वा समायोजन पेश गर्न अनुरोध गर्न सक्नेछ। कुनै त्रैमासिकमा परियोजना वा कार्यक्रममा कुनै सारभूत परिवर्तन वा हेरफेर भएको भएमा वा एमसिए-नेपालले कुनै निश्चित वर्षमा अपेक्षा गरेको नतीजा, लक्ष्य र माइलस्टोन निर्धारण गरे बमोजिम प्राप्त हुन नसक्ने देखिएमा एमसिए-नेपालले अद्यावधिक कार्यान्वयन योजना वा अद्यावधिक कार्यान्वयन योजना दस्तावेज पेश गर्नेछ। तर अद्यावधिक विस्तृत वित्तिय योजनालाई प्रत्येक त्रैमासिकमा पेश गर्नुपर्नेछ। त्यस्तो अवस्थामा एमसिए-नेपालले प्रस्तावित संशोधित कार्यान्वयन योजना वा अद्यावधिक योजना दस्तावेज (उपयुक्ततानुसार) स्वीकृतिको लागि अर्को आवधिक प्रतिवेदन बुझाउनुपर्ने मितिमा नै एमसिसि समक्ष पेश गर्नेछ। एमसिए-नेपालले कार्यान्वयन योजना बमोजिम नै कार्यक्रम कार्यान्वयन भएको सुनिश्चितता गर्नेछ।

(क) <u>कार्ययोजना</u> एमसिए-नेपालले कार्यक्रमको सम्पूर्ण प्रशासनको लागि रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी कार्ययोजना ***("कार्ययोजना")*** तयार गरी कार्यान्वयन गर्नेछ।

(ख) <u>विस्तृत वित्तिय योजना</u> कम्प्याक्टको अनुसूची २ मा भएको कार्यक्रमको बहुवर्षिय वित्तिय योजनाको संक्षिप्त विवरणले कार्यक्रमको प्रशासन, अनुगमन वा मूल्यांकन र प्रत्येक परियोजना कार्यान्वयन गर्न एमसिसिको वित्तिय स्रोतबाट गरिने वार्षिक वितरणलाई (***"बहु-वर्षीय वित्तिय योजना"***) दर्शाउँछ। एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक एमसिए-नेपालले प्रत्येक त्रैमासिक अवधि, आगामी वर्ष र कम्प्याक्ट अवधिको बाँकी समयको लागि वार्षिक रुपमा संयुक्त राज्य अमेरिकाको आर्थिक वर्षसँग मिल्ने गरी र प्रतिवेदन गर्ने निर्देशिका बमोजिम कार्यक्रमको वित्तिय आवश्यकता उल्लेख गरी (प्रशासनिक खर्च समेत) र प्रत्येक परियोजनाको लागि उप-क्रियाकलापसम्मको वर्गीकरण गरी (उपयुक्त हुने स्थानमा तल्लो तहसम्म) र दुवै प्रतिबद्धता र नगद आवश्यकता समेत अनुमान गरी विस्तृत वित्तिय योजना तयार गरी कार्यान्वयन गर्नेछ ।

(ग) लेखापरीक्षण योजना एमसिए-नेपालले लेखापरीक्षण निर्देशिका बमोजिम लेखापरीक्षण गर्नुपर्ने निकायका खर्चहरुको लेखापरीक्षण निर्देशिका बमोजिम लेखापरीक्षण गर्नको लागि योजना (***"लेखापरीक्षण योजना"***) तयार र कार्यान्वयन गर्नेछ। रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी लेखापरीक्षण योजना रहनेछ र लेखापरीक्षण गरिनुपर्ने पहिलो अवधि सकिनु भन्दा कम्तिमा साठी (६०) दिन अगाडि नै यस्तो योजना तयार गरिनेछ।

(ग) खरीद योजना एमसिए-नेपालले कम्प्याक्ट कार्यान्वयनको लागि आवश्यक मालवस्तु, कार्य र परामर्श तथा गैर परामर्श सेवा प्राप्त गर्नको लागि आवधिक खरीद योजना (प्रत्येक ***"खरीद योजना"***) तयार गर्नेछ। प्रत्येक खरीद योजनालाई एमसिसि कार्यक्रमको खरीद निर्देशिका बमोजिम तयार गरी अद्यावधिक गरिनेछ।साथै, कम्प्याक्टको धारा ७ मा व्यवस्था भए बमोजिम कम्प्याक्ट लागू भएको छ (६) महिनाभित्र एमसिए-नेपालले आपूर्तिकर्ता, ठेकेदार र परामर्शदाता लगायतका इच्छुक पक्षहरुले खरीद प्रक्रिया र निर्णय हेर्न सक्ने गरी बिड च्यालेन्ज प्रणाली ***("बिसिएस")*** तयार गरी कार्यान्वयन गर्नेछ। त्यस्तो बिसिएसको संरचना, नियम र प्रक्रिया एमसिसिको स्वीकृतिको अधीनमा रहनेछ। एमसिसिबाट बिसिएसको स्वीकृति पछि एमसिए-नेपालले एमसिए-नेपालको वेभसाइटमा बिसिएसलाई प्रकाशन गर्नेछ।

दफा २.२ आर्थिक उत्तरदायित्व योजना

एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक एमसिए-नेपालले एमसिसिको लगानीको रकमको उपभोगको उपयुक्त वित्तिय उत्तरदायित्व सुनिश्चित गर्न प्रक्रियालाई खुला, निष्पक्ष र प्रतिस्पर्धात्मक हुने गरी अनुदान वा सहायता सम्झौताका मालवस्तु, कार्य र सेवा खरीदलाई पारदर्शी प्रक्रियाको रुपमा प्रयोग गर्ने गरी सिद्धान्त, संयन्त्र र प्रक्रिया ***("आर्थिक उत्तरदायित्व योजना")*** दिग्दर्शन (एमसिसिले स्वीकृत गरे बमोजिम) तयार गरी कार्यान्वयन गर्नेछ। आर्थिक उत्तरदायित्व योजनाले अन्य कुराका अतिरिक्त देहायका कुराहरु: (क) बजेट बनाउने, (ख) हिसाब राख्ने, (ग) नगद व्यवस्थापन गर्ने (घ) वित्तिय कारोबार (रसिद र भुक्तानी) गर्ने , (ङ) स्वीकृत खाता खोल्ने र व्यवस्थापन गर्ने, (च) व्यक्तिगत तथा भुक्तानी विवरण राख्ने, (छ) यात्रा र साधनको प्रयोग गर्ने (ज) सम्पत्ति र दाखिला नियन्त्रण गर्ने, (झ) लेखापरीक्षण गर्ने र (ञ) प्रतिवेदन गर्ने सम्बन्धी आवश्यकता समेत समावेश गर्नेछ। एमसिसिले गर्ने पुनरावलोकन र स्वीकृतिको अधीनमा रही आर्थिक उत्तरदायित्व योजना आवधिक रुपमा परिमार्जन हुनेछ।

दफा २.३ अनुगमन र मूल्यांकन योजना

एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक कम्प्याक्टको धारा ७ मा व्यवस्था भए बमोजिम कम्प्याक्ट लागू भए पछिको नब्बे (९०) दिनभित्र एमसिए-नेपालले कम्प्याक्ट अवधिभित्रको कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन निर्देशन गर्ने दस्तावेजको रुपमा रहने गरी अनुगमन र मूल्यांकन योजना तयार गरी कार्यान्वयन गर्नेछ। एमसिसिको अनुगमन तथा मूल्यांकन नीति बमोजिम नै अनुगमन र मूल्यांकन योजना तयार गरी कार्यान्वयन र अद्यावधिक गरिनेछ।

दफा २.४ वातावरणीय तथा सामाजिक कार्यसम्पादन योजना

दफा १.२ (ख)(३) बमोजिम एमसिए-नेपालले एमसिसिको लगानीको रकमबाट पूर्ण वा आंशिक रुपमा (प्रत्यक्ष वा अप्रत्यक्ष) संचालित, प्रायोजित वा सहयोग प्राप्त क्रियाकलापहरुले एमसिसि वातावरण निर्देशिकामा उल्लिखित आइएफसी पर्फमेन्स स्टेण्डर्ड समेतको एमसिसिको वातावरणीय निर्देशिका पालना गरेको सुनिश्चितता गर्नेछ। विशेषत: एमसिए-नेपालले देहायका कार्यहरु गर्नेछ:-(१) कुनै चलिरहेको वातावरणीय र सामाजिक प्रभाव मूल्यांकनमा आवश्यकता अनुसार सहकार्य वा कार्य पूरा गर्नेछ र आवश्यक भएमा कुनै थप वातावरणीय र सामाजिक मूल्यांकन र विश्लेषण, जस्तै: प्रत्येकमा रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी नेपालको कानून अन्तर्गत आवश्यक हुने वातावरणीय र

सामाजिक व्यवस्थापन योजना, वातावरणीय र सामाजिक लेखापरीक्षण, पुनर्स्थापना नीतिको फ्रेमवर्क र पुनर्स्थापना कार्ययोजना, एमसिसिको वातावरणीय निर्देशिका, यस सम्झौता, कम्प्याक्ट, अन्य कुनै पूरक सम्झौता वा कार्यक्रम निर्देशिका वा एमसिसिले माग गरेका अन्य काम पूरा गर्ने, (२) परियोजना वा क्रियाकलाप बमोजिमको विशेष वातावरणीय र सामाजिक व्यवस्थापन योजना तयार गरिनेछ र त्यस्ता योजनामा समावेश गरिएका सबै सान्दर्भिक उपायलाई, प्रत्येकको रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी परियोजनाको डिजाइन, उपयुक्त खरीद दस्तावेज र सम्बद्ध अन्तिम चरणको करारमा समायोजन गरिने सुनिश्चित गर्ने, र (३) त्यस्ता मूल्यांकन वा योजनामा पहिचान गरिएका वा कम्प्याक्ट कार्यान्वयन गर्दा पहिचान गरिएका वातावरणीय र सामाजिक मामिलालाई सम्बोधन गर्न तयार गरिएका एमसिसि सन्तुष्ट हुने, उपयुक्त वातावरणीय र सामाजिक समायोजनका उपाय कार्यान्वयन गर्नेछ।

दफा २.५सामाजिक र लैंगिक समावेशिता सम्बन्धी योजना

परियोजना र त्यसका क्रियाकलापमा सामाजिक समावेशीकरण र लैंगिक प्रवाहीकरण सुनिश्चित गर्न, मानव बेचबिखनलाई सम्बोधन गर्न र एमसिसिको लैंगिक नीति तथा एमसिसि लैंगिक प्रवाहीकरण निर्देशिकाको पालना सुनिश्चित गर्नको लागि एमसिए-नेपालले विस्तृत सामाजिक र लैंगिक समावेशीकरण योजना *("**सामाजिक र लैंगिक समावेशीकरण योजना**")* तयार गर्नेछ जसले देहायका कुरा समेट्नेछ:- (१) महिला र अन्य जोखीममा परेका वा प्रतिनिधित्व नभएका समूहको नियमित, अर्थपूर्ण र समावेशी छलफल गर्ने पद्दति विकास गर्ने; (२) अन्तिम परियोजना डिजाइनमा परियोजना अनुरुपको सामाजिक र लैंगिक विश्लेषण सम्बन्धी नतिजा र सुझावलाई एकीकृत रुपमा समावेश गर्ने रणनीति तय गर्ने; (३) कम्प्याक्ट अवधिमा परियोजनाको सामाजिक समावेशीकरण र लैंगिक समानता कायम गर्ने उद्देश्यलाई पूरा गर्न अवलम्बन गरिने कार्यहरुको पहिचान गर्ने, (४) कम्प्याक्ट कार्यान्वयनमा अनुगमन र समन्वयबाट अन्तिम रुप दिइएको क्रियाकलापको डिजाइन, निर्माण ठेक्का सम्बन्धी दस्तावेज र कार्यान्वयन योजना सामाजिक र लैंगिक विश्लेषण अनुकूल भएको र सोका नतीजा समेत समावेश भएको सुनिश्चितता गर्ने। एमसिए-नेपालले कार्यान्वयनका सिकाई र परियोजना अनुसारको विश्लेषणलाई समावेश गर्नको लागि वार्षिक रुपमा सामाजिक र लैंगिक समावेशीकरण योजनालाई पुनरावलोकन र अद्यावधिक गर्नेछ।

दफा २.६एमसिसि कार्यक्रम खरीद निर्देशिका र एमसिसिबाट अनुदान स्वीकृति

कम्प्याक्टको दफा ३.६ बमोजिम:

(क) एमसिए-नेपालले कम्प्याक्टको कार्यान्वयन गर्दा सबै मालवस्तु, निर्माण कार्य र सेवाको खरीद गर्दा (प्रस्ताव आह्वानमा समेत), ठेक्का उपलब्ध गराउँदा र करारको कार्यान्वयन गर्दा एमसिसि कार्यक्रम खरीद निर्देशिकाको पालना गर्नेछ। यसका अतिरिक्त, सरकारले कुनै पनि ठेक्का प्रतिस्पर्धा (बिड च्यालेन्ज) एमसिसि कार्यक्रम खरीद निर्देशिका र बिसिएस बमोजिम संचालन गरिएको सुनिश्चितता गर्नेछ; र

(ख) एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक एमसिए-नेपालले कार्यक्रमको सिलसिलामा कुनै गैरसरकारी निकायलाई प्रदान गरिएको अनुदान पारदर्शी रुपमा खुला, निष्पक्ष र प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत उपलब्ध गराइएको सुनिश्चितता गर्नेछ।

दफा २.७ प्रदायकलाई सूचना, स्थापना

(क) एमसिए-नेपालले सबै प्रदायक (कार्यक्रमसँग सम्बन्धित एमसिसिको वित्तिय स्रोत प्राप्त गर्ने सबै अन्य निकाय वा व्यक्ति) लाई कम्प्याक्टको दफा २.७ बमोजिमको आवश्यकताको सूचना दिनेछ। एमसिसि त्यस्ता सम्झौताको

पक्ष नभएकोमा कम्प्याक्टको दफा २.७ बमोजिमका आवश्यकतालाई प्रदायकसँग सम्पन्न गरिने सबै सम्झौतामा समावेश गर्ने वा समावेश भएको सुनिश्चितता गर्नेछ।

(ख) एमसिए-नेपालले देहायका आवश्यक शर्तहरु रहेको सुनिश्चितता गर्नेछ:

(१) यस सम्झौताको दफा २.१ (ग) र २.८ (ग) र कम्प्याक्टको दफा ३.७ र दफा ३.८ को प्रकरण (ख) (१) र (२), (ग) र (घ) मा उल्लिखित कुराहरुलाई एमसिसिको वित्तिय स्रोतबाट सरकार वा सरकारको कुनै निकाय एक पक्ष हुने र संयुक्त राज्य अमेरिकामा रहेको गैर-नाफामूलक संस्था अर्को पक्ष हुने गरी समेटिएको प्रदायक अर्को पक्ष हुने सबै सम्झौतामा;

(२) कम्प्याक्टको दफा ३.७ र दफा ३.८ को प्रकरण (ख) (१) र (२) र (घ) मा उल्लिखित कुराहरुलाई एमसिसि वित्तिय स्रोतबाट सरकार वा सरकारको कुनै निकाय एक पक्ष हुने र प्रदायकको परिभाषामा समेटिएको प्रदायक अर्को पक्ष हुने सबै सम्झौतामा;

(३) कम्प्याक्टको दफा ३.७ र दफा ३.८ को प्रकरण (ख) (१) र (२), (ग) र (घ) मा उल्लिखित कुराहरुलाई एमसिसिको वित्तिय स्रोतबाट सरकार वा सरकारको कुनै निकाय एक पक्ष हुने र संयुक्त राज्यमा रहेको गैर-नाफामूलक संस्थाको रुपमा समेटिएको प्रदायक अर्को पक्ष हुने सबै सम्झौतामा; र

(४) कम्प्याक्टको दफा ३.७ र दफा ३.८ को प्रकरण (ख) (१) र (२), (ग) र (घ) मा उल्लिखित कुराहरुलाई एमसिसिको वित्तिय स्रोतबाट सरकार वा सरकारको कुनै निकाय एक पक्ष हुने र संयुक्त राज्यमा नरहेको समेटिएको प्रदायक अर्को पक्ष हुने सबै सम्झौतामा ।

दफा २.८<u>प्रतिवेदन, सूचना</u>

(क) एमसिसिले लिखत रुपमा अन्यथा सहमति गरेकोमा बाहेक एमसिए-नेपालले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी आवधिक रुपमा एमसिसिलाई प्रतिवेदन निर्देशिका (प्रत्येक ***"आवधिक प्रतिवेदन"***) बमोजिमको प्रतिवेदन र सूचना उपलब्ध गराउनेछ। एमसिए-नेपालले एमसिसिलाई प्रतिवेदन निर्देशिकामा तय गरिएको कार्यतालिका बमोजिम आवधिक प्रतिवेदन उपलब्ध गराउनेछ र त्यस्तो आवधिक प्रतिवेदन हरेक दृष्टिबाट प्रतिवेदन निर्देशिका अनुकुल हुनेछ।

(ख) कम्प्याक्ट अवधिमा प्रत्येक वर्षको अक्टोबर ३० (मध्य कार्तिक) (वा एमसिसिले कुनै लिखित अनुरोध गरेकोमा सोको तीस (३०) दिनभित्र) मा एमसिए-नेपालले एमसिसिलाई देहाय बमोजिमका जानकारी समावेश भएको अतिरिक्त वार्षिक प्रतिवेदन उपलब्ध गराउनेछ;

(१) कम्प्याक्टको लक्ष्य र परियोजनाको उद्देश्य प्राप्त गर्ने तर्फ सरकारबाट भएका प्रगति;

(२) आवधिक प्रतिवेदनमा प्रस्तुत नगरिएको कार्य सम्पादन सम्बन्धी अतिरिक्त जानकारी;

(३) कम्प्याक्ट कार्यान्वयन सँग सम्बन्धित छलफल प्रक्रिया, दातासँगको समन्वय र कार्य सम्पादनबाट प्राप्त सिकाईमा भएको विकास; र

(४) एमसिसिलाई सम्प्रेषण गरिनुपर्ने एमसिसि वातावरणीय निर्देशिका (उल्लेख गरिएको आइएफसी पर्फमेन्स स्टेण्डर्ड समेत), कुनै लेखापरीक्षण योजना वा कुनै कार्यान्वयन योजना दस्तावेज अन्तर्गत कार्यक्रमसँग सम्बन्धित कुनै प्रतिवेदन वा दस्तावेज ।

(ग) एमसिए-नेपालले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी एमसिसिले नै लेखापरीक्षणको व्यवस्था गर्नेमा बाहेक एमसिसलाई कम्प्याक्ट अन्तर्गत आवश्यक प्रत्येक लेखापरीक्षणको लागि लेखापरीक्षण प्रतिवेदन सो लेखापरीक्षणको अवधि समाप्त भएको नब्बे (९०) दिनभित्र वा समय समयमा एमसिसिले सहमति गरेको त्यस्तो अन्य समयमा पेश गर्नेछ वा पेश गर्न प्रयास गर्नेछ।

(घ) कम्प्याक्ट अवधिको कुनै समयमा सरकारले राष्ट्रिय बजेटमा सारभूत रुपमा नै बजेट बिनियोजन परिवर्तन गरेमा वा घटाएमा वा विभाग, नगरपालिका, क्षेत्र वा अन्य कार्यक्षेत्रका तहका नेपालका अन्य सरकारी अधिकारीले आफ्नो सामान्य र अपेक्षित स्रोतको बजेटमा सारभूत रुपमा नै बजेट बिनियोजन परिवर्तन गरेमा वा घटाएमा, सरकारले वा त्यस्तो सरकारी अधिकारीले, उपयुक्तता अनुसार अन्यथा कम्प्याक्ट वा कार्यक्रम अन्तर्गतका क्रियाकलापको लागि बाह्य वा आन्तरिक स्रोतबाट प्राप्त गरेको वा बिनियोजन गरिएको वा कम्प्याक्ट अन्तर्गत निर्धारण गरिएका क्रियाकलापको लागि छुट्याइएको बजेटलाई समयानुसार बितरण गर्न नसकेकोमा सरकारले एमसिए-नेपाल मार्फत एमसिसिलाई त्यस्तो परिवर्तन गरेको, घटाएको वा वितरण गर्न नसकेकोमा प्रभावित क्रियाकलाप र त्यस्तो परिवर्तन वा घटाउनुका कारण समेत स्पष्ट गरी सो भएको तीस (३०) दिनभित्र लिखित रुपमा जानकारी गराउनुपर्छ।

(ङ) आवधिक प्रतिवेदनका अतिरिक्त एमसिए-नेपालले एमसिसिलाई एमसिसिले लिखित अनुरोध गरेको तीस (३०) दिनभित्र वा एमसिसि र एमसिए-नेपालले अन्यथा सहमति गरे बमोजिम एमसिसिले समय समयमा कार्यक्रमसँग सम्बन्धित जानकारी अनुरोध गरेमा कार्यान्वयन योजनाको कुनै अवयव, आर्थिक उत्तरदायित्व योजना, कार्यक्रम निर्देशिका वा कुनै वितरण समेतका त्यस्ता प्रतिवेदन, दस्तावेज वा जानकारी लिखित रुपमा उपलब्ध गराउनेछ।

(च) एमसिए-नेपालले आवधिक प्रतिवेदन र यस अन्तर्गत विद्युतीय रुपमा समेत पेश गर्नु पर्ने कुनै प्रतिवेदन एमसिसिले अनुरोध गरेकोमा वा प्रतिवेदन निर्देशिकाले तय गरेको आवश्यक अन्य कुनै प्रतिवेदन पेश गर्नेछ।

(छ) एमसिए-नेपालले एमसिसिलाई रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी प्रत्येक क्यालेन्डर वर्षको मार्च ३१ (चैत्र १८) भित्र कम्प्याक्टको दफा २.६ बमोजिम कार्यक्रमको उद्देश्य पूर्ति गर्नको लागि सरकारको योगदान सम्बन्धी प्रतिवेदन पेश गर्नेछ। प्रतिवेदनले तत्काल समाप्त भएको क्यालेन्डर वर्ष र चालू आर्थिक वर्षको लागि अनुमान गरिएको योगदानलाई समेट्नेछ।

दफा २.९ <u>एमसिसिको स्वीकृतिको अधीनमा रहने कारोबार</u>

देहायका प्रत्येक कारोबार, क्रियाकलाप, सम्झौता र लिखतका हकमा एमसिसिको पूर्व लिखित स्वीकृति आवश्यक पर्नेछ:-

(क) वितरण;

(ख) कार्यान्वयन योजना (त्यसका प्रत्येक अवयव समेत), आर्थिक उत्तरदायित्व योजना, अनुगमन र मूल्यांकन योजना र कार्यक्रम समापन योजना र तिनमा हुने कुनै परिवर्तन, संशोधन;

(ग) सरकार र एमसिए-नेपाल बीच सम्पन्न भएका सम्झौता र देहायका कुनै पनि नियुक्त गरिएका, राखिएका वा कुनै रुपमा संलग्न भएका सम्झौता (***"प्रत्येक महत्वपूर्ण सम्झौता"***)

(१) लेखापरीक्षक वा पुनरावलोकनकर्ता;

(२) वित्तिय प्रतिनिधि;

(३) खरीद प्रतिनिधि;

(४) बैंक;

(५) परियोजना साझेदार; र

(६) संचालक समितिको सदस्य (कुनै पर्यवेक्षक समेत) वा एमसिए-नेपालको अधिकृत (त्यस्तो कुनै व्यक्तिलाई क्षतिपूर्ति सम्बन्धी सम्झौता समेत)

(घ) महत्वपूर्ण सम्झौतामा परिवर्तन, त्यसको अन्त्य वा निलम्बन वा सोही सरह असर गर्ने कुनै कारवाही;

(ङ) समपूरक नभएको एमसिए-नेपालको कुनै सम्झौता वा कारोबार;

(च) एमसिसिको लगानी वा कुनै कार्यक्रमको सम्पत्तिको कुनै धरौटी वा सारभूत रुपमा ऋणको भार लिने वा कुनै ऋणको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै जमानत दिने कार्य;

(छ) एमसिए-नेपालको स्थापना वा संचालन वा गठन, संरचना वा संचालनसँग सम्बन्धित (सबै सार्वजनिक संस्थालाई लागू हुने सामान्य प्रकृतिका कानून भन्दा बाहेक) कुनै आदेश, कानून, नियम, संस्थापना पत्र, करारीय व्यवस्था वा अन्य दस्तावेज (विनियम र कुनै कर्मचारी व्यवस्थापन योजना समेत) (प्रत्येकलाई ***"संचालन दस्तावेज"*** भनिएको);

(ज) एमसिए-नेपालको पूर्ण वा आंशिक अन्त्य, दामासाही, खारेजी, समाप्ति, पुनर्संरचना वा अन्य परिवर्तन;

(झ) कुनै स्वीकृत खाताको विशेषता वा स्थानमा भएको कुनै परिवर्तन;

(ञ) (क) संचालक समितिको कुनै सदस्य (पर्यवेक्षक समेत), अध्यक्षको रुपमा रहने सदस्य वा संचालक समितिको संरचना वा आकारमा भएको कुनै परिवर्तन र संचालक समितिको कुनै सदस्य (पर्यवेक्षक समेत), को रिक्त स्थान पूरा गर्ने; (ख) एमसिए-नेपालको कुनै अधिकृतमा कुनै परिवर्तन भएमा वा सोको व्यवस्थापन इकाईको संरचना वा आकारमा परिवर्तन भएमा र एमसिए-नेपालको कुनै अधिकृतको रिक्त स्थान पूरा हुने भएमा र (ग) कुनै सरोकारवाला समितिको संरचना वा आकारमा कुनै सारभूत परिवर्तन भएमा;

(ट) कम्प्याक्ट अवधि भरिमा एमसिसिको लगानीको अतिरिक्त कुनै स्रोत (सरकार वा कुनै दातृ निकाय वा संस्थाबाट समेत) संलग्न गर्ने, स्वीकृत वा व्यवस्थापन गर्ने सम्बन्धी वा तोकिएको अधिकार र दायित्व भन्दा बाहेकका अन्य क्रियाकलापमा संलग्न हुने वा कुनै दायित्व वा जिम्मेवारी ग्रहण गर्ने सम्बन्धमा एमसिए-नेपालको कुनै निर्णय;

(ठ) कुनै पनि कार्यक्रम निर्देशिका अन्तर्गत एमसिसिको स्वीकृति आवश्यक पर्ने कुनै सम्झौता, कारोबार, निर्णय वा अन्य कारवाही वा दस्तावेज;

(ड) कार्यान्वयनमा रहेका दस्तावेज वा व्यवस्थामा हुने कुनै संशोधन, पूरक व्यवस्था, साटफेर, समाप्ति, खारेजी वा अन्य परिवर्तन ।

दफा २.१० <u>कार्यान्वयनमा निश्चित निकायको भूमिका</u>

(क) <u>वित्तिय प्रतिनिधि</u> एमसिए-नेपालले अन्य कुराका अतिरिक्त देहाय बमोजिम उत्तरदायी हुने गरी वित्तिय प्रतिनिधिलाई संलग्न गराउनेछ: (१) वित्तिय प्रतिनिधि सम्झौता र बैंक सम्झौतामा उल्लेख भए बमोजिमको स्थापित नियन्त्रण प्रक्रिया बमोजिम उचित अख्तियारी प्रदान गरिएको र अभिलेखीकरण गरिए बमोजिम वितरण भएको सुनिश्चितता र प्रमाणीकरण गरिने, (२) बैंकलाई स्वीकृत खाताबाट रकम निकासा गर्न निर्देशन दिने वा प्रदायकलाई मालवस्तु, कार्य वा सेवाको भुक्तानी आवश्यकता अनुसार साझा भुक्तानी प्रणाली वा एमसिसिले स्वीकृत गरेको कुनै वैकल्पिक भुक्तानी प्रणाली बमोजिम र प्रत्येक मामिलामा वित्तिय प्रतिनिधिले प्रमाणीकरण गरेको आधारमा प्रत्यक्ष रुपमा

निकासा गर्न अनुरोध गर्ने, (३) निकासाको अनुरोधको सम्बन्धमा उचित प्रमाणीकरण उपलब्ध गराउने, (४) एमसिसिको लगानीबाट भएका सबै वित्तिय कारोबारको उचित लेखा व्यवस्था गर्ने, र (५) वित्तिय प्रतिनिधि सम्झौता र बैंक सम्झौतामा उल्लेख भए बमोजिमको स्थापित प्रक्रिया बमोजिम वितरणको प्रतिवेदन तयार गर्ने। एमसिए-नेपालले वित्तिय प्रतिनिधिसँग रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी वित्तिय प्रतिनिधिको भूमिका र जिम्मेवारी तथा अन्य उपयुक्त शर्त उल्लेख गरेर सम्झौता ***("वित्तिय प्रतिनिधि सम्झौता")*** गर्नेछ।एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक वित्तिय प्रतिनिधि सरकारबाट स्वतन्त्र रहेको तेस्रो पक्ष हुनेछ।

(ख) लेखापरीक्षक र पुनरावलोकनकर्ता एमसिए-नेपालले लेखापरीक्षण निर्देशिका बमोजिम एक वा सो भन्दा बढी लेखापरीक्षकलाई संलग्न गराउनेछ (प्रत्येकलाई ***"लेखापरीक्षक"*** भनिएको)। समय समसयमा एमसिसिले लिखित रुपमा अनुरोध गरे बमोजिम एमसिए-नेपालले (१) कम्प्याक्ट अन्तर्गतको कार्यसम्पादन र परिपालनाको पुनरावलोकन गर्न, (१) कार्यसम्पादन र परिपालानको सामान्य पुनरावलोकन गर्न, र (२) वातावरणीय र सामाजिक कार्यसम्पादनको पुनरावलोकन गर्न र (३) अनुगमन र मूल्यांकन योजना बमोजिम तथ्यांक गुणस्तर विश्लेषण, कम्प्याक्टको अनुसूची ३ मा विस्तृत रुपमा व्याख्या गरिएको जस्तो क्षमता भएको स्वतन्त्र पुनरावलोकनकर्ता नियुक्त गर्नेछ र (२) अनुगमन र मूल्यांकन योजना अन्तर्गत आवश्यक कार्यसम्पादन मूल्यांकन गर्ने मूल्यांकनकर्ता (प्रत्येकलाई ***"पुनरावलोकनकर्ता"*** भनिएको) लाई समेत संलग्न गराउनेछ। एमसिए-नेपालले लेखापरीक्षण निर्देशिका र अनुगमन र मूल्यांकन योजना बमोजिम उपयुक्त लेखापरीक्षक र पुनरावलोकनकर्ता छनौट गर्नेछ। एमसिए-नेपालले प्रत्येक लेखापरीक्षक वा पुनरावलोकनकर्तासँग रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी सम्झौता सम्पन्न गर्नेछ जसमा लेखापरीक्षक वा पुनरावलोकनकर्ताको लेखापरीक्षण, पुनरावलोकन वा मूल्यांकन लागू हुने फारम र विषय तथा अन्य शर्त समेतको भूमिका र जिम्मेवारी उल्लेख भएको हुन्छ ***("लेखापरीक्षक, पुनरावलोकनकर्ता सम्झौता")***।यस दफा २.१०(ख) को व्यवस्थाले नेपालको महालेखापरीक्षकलाई एमसिए-नेपालको लेखापरीक्षण गर्न प्रतिबन्ध लगाएको छैन।

(ग) खरीद प्रतिनिधि एमसिए-नेपालले कम्प्याक्ट र प्रस्तुत सम्झौताको सम्बन्धमा हुने तोकिएका खरीद क्रियाकलाप संचालन गर्न र प्रमणीकरण गर्न खरीद प्रतिनिधिलाई संलग्न गराउनेछ। एमसिए-नेपालले खरीद प्रतिनिधिसँग रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी सम्झौता सम्पन्न गर्नेछ जसमा खरीद प्रतिनिधिको खरीदको संचालन, अनुगमन र पुनरावलोकन सम्बन्धमा रहने भूमिका र जिम्मेवारी तथा अन्य उपयुक्त शर्त समेत उल्लेख भएको हुन्छ (***"खरीद प्रतिनिधि सम्झौता")***। एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक खरीद प्रतिनिधि सरकारबाट स्वतन्त्र रहेको तेस्रो पक्ष हुनेछ।

दफा २.११ प्रचारप्रसार र पारदर्शिता

(क) दफा २.१२ को अधीनमा रही कार्यक्रम अन्तर्गतको क्रियाकलापको स्थान पहिचान र कार्यक्रम सम्पत्तिको आंकलन लगायतका सबै एमसिसिको विश्वव्यापी आंकलनको मापदण्ड बमोजिम हुने गरी एमसिसि मार्फत संयुक्त राज्य अमेरिकाले योगदान गरेको कार्यक्रमको रुपमा एमसिए-नेपालले कम्प्याक्टका बारेमा प्रचारप्रसार गर्नेछ। कम्प्याक्ट अन्त्य भएको वा सकिएकोमा सरकारले एमसिसिले अनुरोध गरेमा एमसिए-नेपालको वेभसाइट वा सरकारी वा एमसिए-नेपालको कुनै सार्वजनिक सामग्री वा संकेतलाई हटाउने व्यवस्था गर्नेछ।

(ख) एमसिए-नेपालले कम्प्याक्टको कार्यान्वयनको लागि देहायका दस्तावेजलाई अँग्रेजी भाषामा संचालन निर्देशिकाको व्यवस्था अनुरुप हुने गरी एमसिए-नेपालले संचालन गर्ने वेभसाइटमा राखी सार्वजनिक रुपमा जानकारी उपलब्ध गराउनेछ: (१) कम्प्याक्ट, (२) प्रस्तुत सम्झौता, (३) संचालक समितिको बैठकको निर्णय र एमसिए-नेपालसँग सम्बन्धित सरोकारवाला समितिको बैठकको निर्णय, (४) आवधिक प्रतिवेदन र कार्य सम्पादनको अन्तिम मूल्यांकन

सहितको अनुगमन र मूल्यांकन योजना, (५) परियोजनाको सबै वातावरणीय र सामाजिक प्रभाव मूल्यांकन र पुनर्स्थापना कार्ययोजना र सहायक दस्तावेज, (६) सबै सामाजिक र लैंगिक मूल्यांकन र सामाजिक र लैंगिक समावेशीकरण योजना, (७) लेखापरीक्षकको सबै लेखापरीक्षण प्रतिवेदन र पुनरावलोकनकर्ताको कुनै आवधिक प्रतिवेदन वा मूल्यांकन, (८) सबै रकम निकासाको अनुरोध, (९) यस सम्झौताको शर्त अन्तर्गत एमसिसिलाई पेश गर्नुपर्ने सबै प्रतिवेदन (दफा २.८(क) अन्तर्गत आवश्यक प्रतिवेदन समेत), (१०) सबै खरीद नीति र कार्यविधि (मानक दस्तावेज, खरीद योजना, करार, ठेक्काको निर्णय सम्बन्धी सूचना र बिसिएस समेत) र एमसिसिको कार्यक्रम खरीद निर्देशिका अन्तर्गत सार्वजनिक गर्नुपर्ने अन्य कुनै खरीद दस्तावेज, (११) एमसिए-नेपालको गठन, संरचना वा संचालन सम्बन्धी कुनै कानूनको प्रति वा संचालन गर्ने दस्तावेज र त्यसमा भएको कुनै संशोधन समेतका अन्य सम्बन्धित दस्तावेज (गोप्य रहने बाहेक), र (१२) एमसिसिले अनुरोध गर्न सक्ने त्यस्ता अन्य सामग्री। तर, एमसिसिसँग सम्बन्धित वा एमसिसिले प्रायोजन गरेको कार्यक्रम वा एमसिसिलाई उद्दत गरी तयार गरिएको कुनै सार्वजनिक सामग्री, कुनै प्रेष विज्ञप्ति वा सूचना, एमसिसिको पूर्व स्वीकृतिको आधारमा मात्र र एमसिसिले सम्बन्धित कार्यान्वयन पत्रमा कुनै निर्देशन दिएकोमा सोही बमोजिम हुने गरी सार्वजनिक गरिनेछ।

(ग) दफा २.११(ख) मा जुनसुकै कुरा उल्लेख भएता पनि ठेक्का दिनु पूर्वको खरीद सम्बन्धी सूचना र एमसिए-नेपालको कर्मचारी, ठेकेदार र परामर्शदातासँगको सम्झौता सम्बन्धी गोप्य जानकारीलाई सार्वजनिक रुपमा उपलब्ध गराइने सूचना र दस्तावेजमा समेटिने छैन। तर कुनै जानकारीलाई गोप्य भनी यकिन गर्न एमसिसि र एमसिए-नेपालले एक आपसमा सहमति गर्नेछन्।

दफा २.१२ <u>ब्राण्डिङ्ग गर्ने र लागू हुने</u>

(क) दफा ४.२ (६) को अधीनमा रही एमसिसिले यस बमोजिम एमसिए-नेपाललाई एमसिसिको लोगो र "मिलेनियम च्यालेन्ज कर्पोरेशन", "मिलेनियम च्यालेन्ज अकाउन्ट" र "एमसिसि" जस्ता ब्राण्ड नामलाई प्रत्येकमा एमसिसिको विश्वव्यापी ब्राण्डिङ्गको मानक बमोजिम मात्र हुने गरी प्रयोग गर्न फिर्ता हुने, रोयल्टी नलाग्ने, पूर्ण रुपमा भुक्तानी गरिएको र एकलौटी नहुने गरी प्रयोग गर्ने अधिकार र अनुमति दिनेछ। लोगो र ब्राण्डको त्यस्तो कुनै प्रयोगलाई एमसिसिको लाभको लागि मात्र प्रयोग गरिनेछ र एमसिए-नेपालको लाभको हकमा प्रयोग गरिनेछैन। एमसिसिको लोगो र नामको प्रयोगले कुनै प्रतिनिधित्व वा कानूनी प्रतिनिधित्व गर्नेछैन र एमसिए-नेपालसँग एमसिसिलाई कुनै पनि तवरबाट बाध्यकारी बनाउने अधिकार हुनेछैन।

(ख) एमसिए-नेपालले आफ्नो लोगो बनाउनेछ र त्यस्तो लोगो र "मिलेनियम च्यालेन्ज अकाउन्ट-नेपाल" र "एमसिसि-नेपाल" का नामलाई प्रत्येकमा एमसिसिको विश्वव्यापी ब्राण्डिङ्गको मानक बमोजिम मात्र हुने गरी प्रयोग गर्नेछ। दफा ४.२ (६) को अधीनमा रही एमसिए-नेपालले एमसिसिलाई "मिलेनियम च्यालेन्ज अकाउन्ट-नेपाल" र "एमसिसि-नेपाल" का ब्राण्ड र एमसिए-नेपालको लोगो प्रयोग गर्न फिर्ता हुने, रोयल्टी नलाग्ने, पूर्ण रुपमा भुक्तानी गरिएको र एकलौटी नहुने गरी प्रयोग गर्ने अधिकार र अनुमति दिनेछ।

(ग) एमसिए-नेपालले "मिलेनियम च्यालेन्ज अकाउन्ट-नेपाल" र "एमसिसि-नेपाल" का नाम र एमसिए-नेपालको लोगोलाई यस सम्झौताका व्यवस्थाका आधारमा नेपालको हाल प्रचलित र पछि बन्ने कानून अन्तर्गत समेत अधिकतम संरक्षण प्राप्त गर्ने कुरा सुनिश्चित गर्न सबै उचित प्रक्रिया अवलम्बन गर्नेछ। यसमा नामहरु तथा लोगोलाई ट्रेडमार्कको रुपमा दर्ता गर्ने र उचित भएमा तेस्रो पक्षबाट हुने अनधिकृत प्रयोगको अनुगमन गर्ने र अनधिकृत प्रयोग भएको पाइएमा त्यस्तो अधिकारको कार्यान्वयन गर्ने समेत पर्दछ। एमसिए-नेपालले कुनै त्यस्तो उल्लंघन, उल्लंघनको सम्भावना वा एमसिसिको अख्तियारी विना कुनै तेस्रो पक्षले (१) "मिलेनियम च्यालेन्ज अकाउन्ट-नेपाल", र "एमसिए-

नेपाल" का ब्राण्ड र एमसिए-नेपालको लोगो वा (२) "मिलेनियम च्यालेन्ज कर्पोरेशन", र, वा एमसिसिको लोगो प्रयोग गरेकोमा यथाशीघ्र एमसिसिलाई सूचना दिनेछ। एमसिए-नेपालले एमसिसिलाई "मिलेनियम च्यालेन्ज कर्पोरेशन" र "एमसिसि" ब्राण्डको साथै एमसिसिको लोगोमा एमसिसिको अधिकार कायम राख्न सहयोग गर्नेछ।

दफा २.१३ सरकारको योगदान

(क) कम्प्याक्टको दफा २.६(क) बमोजिम सरकारले कम्याक्टको उद्देश्य पूरा गर्नको लागि उपयुक्त योगदान गर्नेछ। त्यस्तो योगदान सरकारले आफ्नो आर्थिक वर्ष २०१९ (२०७६-७७) को बजेटमा सो उद्देश्य प्राप्तिको लागि बिनियोजन गरिएको रकममा थप हुनेछ। सरकारले आफ्नो राष्ट्रिय बजेटमा आर्थिक वर्ष २०२० (२०७७-७८) देखि २०२४ (२०८२-८३) सम्म बाट हुने योगदानलाई यस सम्झौताको अनुसूची ३ मा उल्लेख गरिएको छ। त्यस्तो योगदान बिनियोजन र खर्च सम्बन्धी नेपालमा आवश्यक कुनै कानूनी प्रक्रिया, नेपालको संसदले सरकारको वार्षिक बजेट पारित गर्ने समेतको प्रक्रियाको अधीनमा रहेनछ। सरकारले गर्ने योगदानमा जिन्सी र वित्तिय योगदान हुन सक्नेछ (उद्देश्य पूरा गर्नको लागि सरकारले लिएको कुनै ऋणसँग सम्बन्धित दायित्व समेत)।

(ख) पक्षहरुले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक नेपालको स्थानीय मुद्रा वा वैदेशिक मुद्रामा गरिएको योगदानलाई योगदानको भुक्तानी गरेको मितिको विनिमय दर वा योगदान अवधिको औसत दरको आधारमा प्रत्येक मामिलामा नेपालको केन्द्रिय बैंकबाट प्रकाशन भएको विनिमय दर वा एमसिसिलाई स्वीकृत हुने त्यस्तो अन्य स्रोतको आधारमा अमरेकी डलरमा अभिलेख र रुपान्तरण गरिनेछ।

(ग) यस सम्झौताको अनुसूची ४ मा उल्लेख भए बमोजिम सरकारको योगदानलाई व्यवस्थापन गर्ने सिद्धान्त र कार्यविधि बमोजिम गर्न सरकारले थप सहमति गरेको छ।

## धारा ३

## एमसिसिबाट प्राप्पत लगानी रकमको वितरण

दफा ३.१ वितरण प्रक्रिया

(क) वितरण प्रक्रिया एमसिए-नेपालले प्रतिवेदन निर्देशिका (प्रत्येकलाई ***"वितरण अनुरोध"*** भनिएको) बमोजिमको प्रक्रिया पूरा गरी प्रत्येक वितरण अवधि शुरु हुनु भन्दा अगाडिको बीस (२०) दिन भित्र (वा एमसिसिले सहमति गरेको त्यस्तो अन्य समयावधिमा) एमसिसिलाई अनुरोध पेश गरी कम्प्याक्ट अन्तर्गतको वितरणको लागि अनुरोध गर्न सक्नेछ। कार्यक्रमको लगानी रकम र कम्प्याक्ट विकासको लगानी रकमको वितरण सम्बन्धी अनुरोधलाई उपयुक्त ढाँचाको प्रयोग गरी छुट्टै वितरण अनुरोध गरिनेछ। एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक एमसिए-नेपालले प्रत्येक त्रैमासिक (त्यस्तो त्रैमासिक वा एमसिसिले सहमति गरेको कुनै अर्को समायवधि, "***वितरण अवधि***") को लागि कार्यक्रमको लगानी रकमको लागि एउटा मात्र र कम्प्याक्ट सिडिएफको लागि एउटा वितरणको अनुरोध पेश गर्न सक्नेछ। पेश गरिएको प्रत्येक वितरणअनुरोधमा सम्बन्धित वितरण अवधि समेटिएको आवधिक प्रतिवेदन संलग्न गर्नुपर्नेछ।

(ख) वितरण अनुरोधको स्वीकृति: रकमको निकासा

(१) वितरणको अनुरोध प्राप्त गरेकोमा, एमसिसिले देहायका कुरा समेतका आधारमा वितरण गरिने उपयुक्त रकम निर्धारण गर्नेछ: (क) कार्यान्वयन योजना अन्तर्गतको प्रगति, (ख) सम्बन्धित वितरणको अवधिको आवधिक प्रतिवेदनले व्याख्या गरेका क्रियाकलाप पूरा गर्न आवश्यक रकम, (ग) त्यस्तो वितरणको लागि आवश्यक

शर्तको सन्तुष्टि, छुट वा स्थगन ।एमसिसिले आफ्नो स्वविवेकले वितरणको अनुरोधमा प्रस्तावित वितरणलाई यस दफा ३.१ (ख) (१) मा उल्लिखित कुनै तत्वको निर्धारणको आधारमा कुनै वितरण पूर्ण रुपमा वा वितरणको रकम घटाउने गरी अस्वीकृत गर्न सक्नेछ ।

(२) एमसिसिबाट वितरण स्वीकृत भएकोमा, वितरणको रकमलाई एमसिसिको स्वनिर्णयबाट हस्तान्तरण गर्न सकिनेछ: (क) स्वीकृत खाता, वा (ख) एमसिए-नेपालले एमसिसिले स्वीकृत गरेको साझा भुक्तानी प्रणाली वा कुनै वैकल्पिक भुक्तानी प्रणाली मार्फत प्राप्त गरेको मालवस्तु, कार्य वा सेवाको प्रदायकलाई प्रत्यक्ष रुपमा गरेको भुक्तानी; तर, त्यस्तो रकमको खर्च ( प्रदायकलाई प्रत्यक्ष रुपमा हस्तान्तरण गरेको रकम समेत) लाई सम्बन्धित भुक्तानीले वित्तिय प्रतिनिधिबाट प्रमाणीकरण गरेको पछिल्लो स्वीकृत विस्तृत वित्तिय योजना र वित्तिय सम्झौता र आर्थिक उत्तरदायित्व योजनामा उल्लिखित मापदण्ड र प्रक्रिया बमोजिम एमसिए-नेपालले अख्तियारी दिएको हुनुपर्ने छ।

(ग) स्वीकृत खाता

(१) बैंक खातामा पठाउनुपर्ने कुनै एमसिसिको लगानी रकमलाई नेपालको स्थानीय मुद्रामा एमसिए-नेपालले एमसिसिलाई स्वीकार हुने वित्तिय संस्थामा, व्यवहारिक हुने हदसम्म त्यस्तो ऋण खातामा ब्याज आउने गरी खोलेको खातामा दाखिला गर्नुपर्नेछ (***"स्थानीय खाता"***) ।स्थानीय खाता स्वीकृत खाता हुनेछ। एमसिसि र एमसिए-नेपालले समयसमयमा एमसिसिलाई स्वीकृत हुने वित्तिय संस्थामा अतिरिक्त स्वीकृत खाता खोल्नको लागि परस्परमा लिखित रुपमा सहमति गर्न सक्नेछन्। एमसिए-नेपालले कम्प्याक्ट अवधिमा स्वीकृत खातमा कुनै परिवर्तन भएमा सोको अद्यावधिक जानकारी तत्काल एमसिसिलाई गराउनेछ।

(२) एमसिसिले लिखित रुपमा अन्यथा अख्तियारी दिएकोमा बाहेक कुनै पनि लगानी रकम र त्यसबाट प्राप्त ब्याज र आय बाहेक अन्य रकम स्वीकृत खातामा एकीकृत गरिनेछैन। एमसिसिलाई अन्य कुराको अतिरिक्त स्वीकृत खाताको विवरण र क्रियाकलापलाई अनलाइनबाट प्रत्यक्ष रुपमा हेर्ने अधिकार हुनेछ र त्यसरी हेर्न सम्भव नभएकोमा एमसिसिको अनुरोधमा एमसिए-नेपालले त्यस्तो लिखित विवरणको प्रति एमसिसिलाई उपलब्ध गराउनेछ। स्वीकृत खातामा एमसिसिको कुनै लगानी रकम दाखिला गर्नु पूर्व एमसिसए-नेपालले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी एमसिसिले स्वीकृत गरेको वित्तिय संस्थासँग त्यस्तो स्वीकृत खातासँग सम्बन्धित हस्ताक्षर गर्न अख्तियारी, पहुँचको अधिकार, सम्पत्ति शुद्धीकरण विवरण र आतंकवादमा लगानी गर्ने विरुद्धका व्यवस्था र अन्य शर्त उल्लिखित त्यस्तो स्वीकृत खाता ***("बैंक")*** खोल्न सम्झौता गर्नेछ। वित्तिय प्रतिनिधि र केही निश्चित मामिलामा बैंक सम्झौतामा एमसिसिले तोकेको प्रतिनिधि मात्र स्वीकृत खाताको एकलौटी हस्ताक्षरकारी हुनेछ।

(३) स्वीकृत खातामा जम्मा भएको एमसिसिको लगानी रकममा बैंक सम्झौता बमोजिम ब्याज र अन्य आय जोडिनेछ। त्रैमासिक रुपमा र कम्प्याक्ट वा बैंक सम्झौता अन्त्य भएकोमा वा अवधि सकिएकोमा एमसिए-नेपालले जम्मा भएको सबै रकम र सोको ब्याजलाई एमसिसिको संयुक्त राज्य अमेरिकी डलरको स्वीकृत खातामा हस्तान्तरण गर्ने कुराको सुनिश्चितता गर्नेछ।

(४) एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक एमसिसिको लगानी रकमलाई स्वीकृत आधिकारिक खातामा राखिनेछ। अमेरिकी डलरमा राखिएको एमसिसिको रकमलाई कुनै उद्देश्यको लागि नेपालको स्थानीय मुद्रामा बिनिमय गरिनुपर्छ र एमसिए-नेपालले त्यस्तो बिनिमय बैंक सम्झौता वा अन्य कुनै उपयुक्त पूरक सम्झौताको व्यवस्था बमोजिम भएको सुनिश्चित गर्नेछ।

दफा ३.२कम्प्याक्ट विकास रकम वितरणका पूर्व शर्त

कम्प्याक्ट विकास रकमको प्रारम्भिक वितरण गर्नु अघि वा त्यसपछिको कम्प्याक्ट विकास रकमको कुनै वितरणमा कम्प्याक्टको अनुसूची ४ मा उल्लिखित शर्तलाई एमसिसि सन्तुष्ट हुने गरी पूरा गरिएको हुनुपर्नेछ।

दफा ३.३<u>कार्यक्रमको रकमको प्रारम्भिक वितरणका पूर्व शर्त</u>

एमसिसिले त्याग गरेको वा ढिलाइ गरेकोमा बाहेक यस दफा ३.३ को शर्त र दफा ३.४ मा उल्लिखित शर्तहरुलाई एमसिसि सन्तुष्ट हुने गरी कार्यक्रमको रकमको प्रारम्भिक वितरण गर्नु पूर्व पुरा गरिएको हुनुपर्नेछ:

(क) <u>लागू हुने</u>  कम्प्याक्टको धारा ७ मा व्यवस्था भए बमोजिम कम्प्याक्ट लागू हुनेछ।

(ख) <u>अधिकृत</u> प्रत्येक अधिकृत एमसिए-नेपालले छनौट गर्नेछ र काममा संलग्न गराउनेछ र एमसिसिले स्वीकृत गर्नेछ।

(ग) <u>आर्थिक उत्तरदायित्व योजना</u> एमसिए-नेपालले आर्थिक उत्तरदायित्व योजना (वा अन्तरिम रुप) तयार गरेको छ र सो योजनालाई एमसिसिले स्वीकृत गरेको छ।

(घ) <u>अनुगमन तथा मूल्यांकन योजना</u> रकमको प्रारम्भिक वितरण भएको वा कम्प्याक्ट लागू भएको नब्बे (९०) दिन पछि एमसिए-नेपालले अनुगमन र मूल्यांकन योजना तयार गरेको छ र सो योजनालाई संचालक समिति र एमसिसिले स्वीकृत गरेको छ।

(ङ) <u>कार्यान्यवन योजना</u> एमसिए-नेपालले कार्यान्वयन सम्बन्धी पूर्ण योजना तयार गरेको छ।

(च) <u>संचालन दस्तावेज</u> एमसिए-नेपालले एमसिए-नेपालको गठन आदेश प्रकाशन भएको औपचारिक बुलेटिनको प्रति एमसिसिलाई उपलब्ध गराएको छ।

दफा ३.४<u>कार्यक्रमको रकम वितरणका पूर्व शर्त</u>

एमसिसिले त्याग गरेको वा ढिलाई गरेकोमा बाहेक कार्यक्रम रकमको प्रत्येक वितरण (कार्यक्रम रकमको प्रारम्भिक वितरण समेत) गर्नु अघि एमसिसिको सन्तुष्टिको लागि देहायका शर्त पूरा भएको हुनुपर्नेछ:

(क) <u>उपलब्धता</u> एमसिए-नेपालले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी एमसिसिलाई देहायका दस्तावेज, प्रतिवेदन र जानकारी उपलब्ध गराएको छ:

(१) सम्बन्धित वितरणको अवधि समेटिएको आवधिक प्रतिवेदन सहितको वितरणको पूर्ण अनुरोध;

(२) पछिल्लो वितरणको अनुरोध देखि गरिएका कुनै क्रियाकलापको सम्बन्धमा एमसिए-नेपालले संलग्न गराएको कुनै प्राविधिक (वातावरणीय समेत) लेखापरीक्षकबाट प्राप्त कुनै प्रतिवेदनको प्रति;

(३) त्यस्तो वितरणको अनुरोधको मिति बमोजिमको मिति उल्लेख भएको एमसिसिले उपलब्ध गराएको ढाँचा अनुरुपको एमसिए-नेपालको प्रमाणपत्र ("***एमसिए वितरण प्रमाणपत्र***");

(४) एमसिसिले उपलब्ध गराएको ढाँचा अनुरुपको खरीद प्रतिनिधिको प्रमाणपत्र (" ***खरीद प्रतिनिधि वितरण प्रमाणपत्र***"); र

(५) एमसिसिले उपलब्ध गराएको ढाँचा अनुरुपको वित्तिय प्रतिनिधिको प्रमाणपत्र (" ***वित्तिय प्रतिनिधि वितरण प्रमाणपत्र***") ।

(ख) <u>अन्य पूर्व शर्त</u> एमसिसिले आफ्नो स्वविवेकमा देहायका कुरा निर्धारण गरेको छ:

(१) अनुसूची-२ का सबै उपयुक्त पूर्व शर्तहरु सम्झौतामा व्यवस्था गरिए बमोजिम कानूनी रुपमा सन्तुष्ट भएको, ढिलाई गरेको वा त्याग गरेको;

(२) कुनै अभिसन्धि, दायित्व वा जिम्मेवारीको सरकार, एमसिए-नेपाल वा कुनै सरकारी निकायबाट तात्विक भूलचूक वा उल्लंघन हुनेछैन र कम्प्याक्ट, प्रस्तुत सम्झौता वा अन्य कुनै पूरक सम्झौता अन्तर्गत सोही व्यवस्थाको निरन्तरता हुनेछ;

(३) त्यस्तो वितरणले प्रायोजन गर्ने क्रियाकलापबाट कुनै प्रचलित कानून वा नियम उल्लंघन हुनेछैन;

(४) कार्यान्वयन योजना सम्बन्धी दस्तावेज र आर्थिक उत्तरदायित्व योजना रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी चालू र अद्यावधिक रहेका छन् र त्यस्तो वितरणसँग सम्बन्धित कुनै सम्बन्धित परियोजना वा क्रियाकलापको अवयवको कार्यान्वयन योजनाको प्रगति एमसिसि सन्तुष्ट हुने गरी रहेको छ;

(५) कार्यक्रम, सम्बन्धित परियोजना वा क्रियाकलापको अनुगमन र मूल्यांकन योजना र सामाजिक तथा लैंगिक समावेशीकरण योजनाका प्रगति एमसिसि सन्तुष्ट हुने गरी र अनुगमन र मूल्यांकन योजना र सामाजिक तथा लैंगिक समावेशीकरण योजना (सम्बन्धित वितरणको अवधिको लागि त्यसमा तय गरिएको लक्ष्य र कुनै प्रतिवेदनका उपयुक्त आवश्यकता समेत) को परिपालना हुने गरी रहेको छ;

(६) कार्यक्रमको कार्यान्वयनमा संलग्न सबै सरकारी निकायहरु, परियोजना साझेदार समेतले एमसिए-नेपालसँग सफलतापूर्वक समन्वय गरेको छ र आवश्यक कर्मचारी र अन्य स्रोतहरुलाई पनि कार्यक्रमको सफल कार्यान्वयन सुनिश्चित गर्न परिचालन गरेको छ।

(७) कम्प्याक्ट र लेखापरीक्षण योजना बमोजिम पेश गरिएको कुनै लेखापरीक्षण प्रतिवेदनमा अघिल्ला दुई वटा त्रैमासिक (वा लेखापरीक्षण योजनाले माग गर्न सक्ने त्यस्तो अन्य अवधि) मा कुनै तात्विक नकरात्मक कुरा भेटिएको छैन;

(८) वितरण अवधि शुरु हुनु भन्दा नब्बे (९०) दिन अगाडिको मितिबाट एमसिसिको लगानी रकमबाट भुक्तानी गरिएको कुनै करलाई सरकारले कम्प्याक्टको दफा २.८(ग) बमोजिम सोधभर्ना गरेको छ;

(९) सरकारले भुक्तानी गर्नुपर्ने सम्बन्धी बीमा, क्षतिपूर्ति, करचुक्ता वा अन्य दायित्व समेतका सबै दायित्व पूरा गरेको छ र कम्प्याक्ट, प्रस्तुत सम्झौता र अन्य कुनै अतिरिक्त सम्झौता अन्तर्गत आवश्यक पर्ने सबै स्रोतहरु परिचालन गरेको छ।

(१०) एमसिसिलाई सम्बन्धित एमसिए वितरण प्रमाणपत्र, खरीद प्रतिनिधि वितरण प्रमाणपत्र वा वित्तिय प्रतिनिधि वितरण प्रमाणपत्रमा प्रमाणीकरण गरेको कुनै विषयलाई प्रमाणीकरण नगरिएको कुनै आधार छैन;

(११) एमसिसले कम्प्याक्ट वा एमसिसिको लगानी रकमलाई कम्प्याक्टको दफा ५.१ बमोजिम पूर्ण वा आंशिक रुपमा निलम्बन वा अन्त्य गर्नुपर्ने गरी वा अकर्मण्यता, शर्त वा घटना भएको छैन;

(१२) प्रत्येक अधिकृत आ-आफ्नो काममा क्रियाशील रहनेछन् र कुनै पद रिक्त भएमा एमसिसि सन्तुष्ट हुने गरी एमसिए-नेपालले सक्रियतापूर्वक पदपूर्तिमा संलग्न हुनेछ;

(१३) एमसिए-नेपालले बिसिएसको स्थापना गर्ने सम्बन्धमा दफा २.१(घ) मा उल्लिखित दायित्व तथा अनुगमन र मूल्यांकन योजना सम्बन्धमा दफा २.३ मा उल्लिखित दायित्वलाई पूर्ण रुपमा परिपालना गरेको छ; र

(१४) सरकारले <u>अनुसूची ३</u> मा उल्लिखित प्रस्तावित समयसीमा र <u>अनुसूची ४</u> मा उल्लिखित कार्यान्वयन संरचनाको आधारमा गर्नुपर्ने योगदानको सम्बन्धमा दफा २.१३ मा उल्लिखित आफ्ना दायित्वलाई पूर्ण रुपमा परिपालना गरेको छ।

दफा ३.५<u>आधिकारिक रुपमा भएको खर्च</u>

एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक सम्बन्धित खर्चको व्यवस्था विस्तृत वित्तिय योजनामा गरिएकोमा मात्र र सम्बन्धित अवधिको लागि विस्तृत वित्तिय योजनामा प्रतिबद्धता नजनाइएको पर्याप्त रकम भएको अवस्थामा मात्र एमसिसिको लगानीको रकम समावेश भएको वितरण वा वित्तिय प्रतिबद्धता कायम गरिनेछ र वितरणको अनुरोध पेश गरिने छ।

## धारा ४

## सम्झौताको प्रभावाकरिता; कम्प्याक्टको अन्त्य, निलम्बन वा समाप्तिको परिणाम

दफा ४.१<u>प्रस्तुत सम्झौता लागू हुने</u>

प्रस्तुत सम्झौता (क) यस सम्झौताका प्रत्येक पक्षले सम्झौतामा हस्ताक्षर गरेकोम र (ख) कम्प्याक्टको धारा ७ मा व्यवस्था भए बमोजिम कम्प्याक्ट लागू भएको मिति मध्येमा जुन पछाडि हुन्छ, सोही मितिमा लागू हुनेछ; तर प्रस्तुत सम्झौता हस्ताक्षर भई लागू नभैसकेको अवस्थामा, पक्षहरुले यस सम्झौताका शर्तहरु अन्तरिम रुपमा लागू गर्ने गरी पक्षहरु सहमत भएका छन्।

दफा ४.२ <u>कम्प्याक्टको अन्त्य, निलम्बन वा समाप्तिको परिणाम</u>

(क) कम्प्याकट वा एमसिसिको लगानीको पूर्ण वा आंशिक रुपमा निलम्बन भएकोमा सबै वितरण निलम्बन हुनेछन् र एमसिसिले सरकारलाई कुनै स्वीकृत खातामा दाखिला गरिएको कुनै एमसिसिको लगानीको रकम (वा सोको अंश) फिर्ता गर्न अनुरोध गर्न सक्नेछ। तर, एमसिसिको लगानीको रकमलाई (१) कम्प्याक्ट वा एमसिसिको लगानी निलम्बन हुनु पूर्व कार्यक्रम अन्तर्गत वा कार्यक्रमको सिलसिलामा मालवस्तु, कार्य वा सेवाको सम्बन्धमा उचित तवरले भएको खर्च; र (२) कम्प्याक्ट वा एमसिसिको लगानीको निलम्बनसँग सम्बन्धित उचित खर्चको लागि कम्प्याक्ट र प्रस्तुत सम्झौताको परिपालनामा र एमसिसिको लिखित सहमतिमा भुक्तानी गर्न उपभोग गर्न सकिनेछ।

(ख) कम्प्याक्ट वा कुनै एमसिसिको लगानी पूर्ण वा आंशिक रुपमा अन्त्य भएकोमा सबै वितरण गर्न सकिनेछ। तर एमसिसिको लगानी रकमलाई कम्प्याक्ट र प्रस्तुत सम्झौता र एमसिसिको लिखित सहमति बमोजिम देहायको खर्च रकमलाई कम्प्याक्ट वा कुनै एमसिसिको लगानी अन्त्य भए पछिको एकसय बीस (१२०) दिनभित्र भुक्तानी गर्नका निमित्त उपभोग गर्न सक्नेछ:- (१) कम्प्याक्ट वा एमसिसिको लगानी अन्त्य हुनु पूर्व कार्यक्रम अन्तर्गत वा कार्यक्रमको सिलसिलामा मालवस्तु, कार्य वा सेवाको सम्बन्धमा उचित तवरले भएको खर्च; र (२) कार्यक्रम (वा सोको अंश) को समापनसँग सम्बन्धित उचित खर्च (प्रशासनिक खर्च समेत)।

(ग) कम्प्याक्ट समाप्त भएकोमा सबै वितरण अन्त्य हुनेछ। तर एमसिसिको लगानी रकमलाई कम्प्याक्ट र प्रस्तुत सम्झौताको पालना सम्बन्धमा कम्प्याक्ट वा कुनै एमसिसिको लगानी समाप्त भएको एकसय बीस (१२०) दिनभित्र

भुक्तानी गर्नका निमित्त उपभोग गर्न सक्नेछः- (१) कम्प्याक्ट वा एमसिसिको लगानी समाप्त हुनु पूर्व कार्यक्रम अन्तर्गत वा कार्यक्रमको सिलसिलामा मालवस्तु, कार्य वा सेवाको सम्बन्धमा उचित तवरले भएको खर्च; र (२) कार्यक्रम (वा सोको अंश) को समापनसँग सम्बन्धित उचित खर्च (प्रशासनिक खर्च समेत) ।

(घ) दफा ४.२(ख) र (ग) को अधीनमा रही कम्प्याक्ट वा एमसिसिको लगानी अन्त्य भएकोमा वा अन्त्य गरिएकोमा सरकारले एमसिसिलाई स्वीकृत खातामा दाखिला भएको तर समाप्ति र अन्त्य पूर्व भएको खर्च र जम्मा भएको ब्याज बाहेकको एमसिसि लगानीको कुनै रकम एमसिसिले फिर्ताको लागि गरेको अनुरोध प्राप्त भएको तीस (३०) दिनभित्र फिर्ता गर्नेछ। तर कम्प्याक्ट आंशिक रुपमा अन्त्य भएकोमा त्यसरी अन्त्य भएको भागको लागि विनियोजन गरिएको वित्तिय व्यवस्थाको रकम मात्र फिर्ता गर्नुपर्ने छ।

(ङ) कम्प्याक्ट वा कुनै एमसिसिको लगानीको पूर्ण वा आंशिक रुपमा अन्त्य भएमा एमसिसिले त्यस्तो कार्यक्रमसँग सम्बन्धित सम्पत्ति उपलब्ध गराउन सकिने अवस्थामा र सरकारले त्यस्तो निर्देशनबाट तत्काल कार्यान्वयन हुने गरी आफ्नै खर्चबाट कुनै कार्यक्रमसँग सम्बन्धित सम्पत्तिको हक एमसिसिलाई हस्तान्तरण गर्नेछ। तर एमसिसिको लगानी भएको वा प्रायोजन गरिएको रकम उपलब्ध गराउन नसकिने अवस्थामा कुनै कार्यक्रम सम्बन्धी सम्पत्ति भएमा र कुनै कार्यक्रम सम्बन्धी सम्पत्ति आंशिक रुपमा खरीद गरिएकोमा एमसिसिको अनुरोधमा सरकारले एमसिसिलाई संयुक्त राज्य अमेरिकी डलरमा एमसिसिले निर्धारण गरे बमोजिम त्यस्तो कार्यक्रम सम्बन्धी सम्पत्ति वा सोको कुनै भागलाई प्रचलित बजार दर बमोजिम सोधभर्ना गर्नेछ।

(च) कम्प्याक्टको समाप्ति हुनु अघि वा अन्त्य भए पछि पक्षहरुले देहायका कुराहरु तय गर्न सदासयता साथ परामर्श गर्नेछन्:- लिखित रुपमा सम्झौता सम्पन्न गर्नको लागि (१) कम्प्याक्ट अवधि पछिको एमसिए-नेपालको स्थिति, (२) स्वीकृत खाताबाट निकासा नभएको वा दफा ४.२(ख) र (ग) बमोजिम प्रतिबद्ध भएको वितरण गरिएको रकमको सोधभर्ना सुनिश्चित गर्नको लागि प्रक्रिया र (३) कार्यक्रम र कम्प्याक्टको समापनसँग सम्बन्धित अन्य कुनै मामिला।

(छ) कम्प्याक्टको समाप्ति वा अन्त्य पछिको एकसय बीस (१२०) दिनभन्दा ढिलो नहुने गरी एमसिसिले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक देहाय बमोजिम हुनेछ:- (१) दफा २.१२(क) बमोजिम एमसिए-नेपाललाई प्रदान गरिएको अनुमतिलाई तत्काल प्रभावकारी हुने गरी अन्त्य गर्नेछ, (२) सरकारले एमसिए-नेपाललाई "मिलेनियम च्यालेन्ज अकाउन्ट-नेपाल" वा "एमसिए-नेपाल" भनी ब्राण्डिङ्ग नगरिने कुराको सुनिश्चितता गर्नेछ, र (३) सरकारले त्यस्तो नाम र कुनै सम्बद्ध लोगो तथा एमसिए-नेपालले प्रयोग गरेको "मिलेनियम च्यालेन्ज कर्पोरेशन" र "एमसिसि" जस्ता ब्राण्ड र सम्बद्ध कुनै लोगोलाई एमसिसिले स्वीकृत नगरेको उद्देश्यको लागि एमसिए-नेपाल वा अन्य कुनै निकायले प्रयोग नगरेको सुनिश्चित गर्न उचित प्रक्रिया अवलम्बन गर्नेछ। साथै, कम्प्याक्टको समाप्ति वा अन्त्य भएमा प्रस्तुत सम्झौताको अवधिमा प्राप्त गरेको "मिलेनियम च्यालेन्ज अकाउन्ट-नेपाल", "एमसिए-नेपाल", "मिलेनियम च्यालेन्ज कर्पोरेशन", "एमसिसि" र एमसिए-नेपालको लोगो र एमसिसिको लोगो सम्बन्धी सबै अधिकार, स्वामित्व र हित एमसिए-नेपालले एमसिसिलाई सुम्पनेछ र हस्तान्तरण गर्नेछ।

(ज) एमसिसि र सरकारले कम्प्याक्टको असर दीर्घकालीन हुने र कम्प्याक्ट सकिएको कयौं वर्ष सम्म पनि गरिबी न्यूनीकरणमा सोको प्रभावलाई मूल्यांकन गर्न नसकिने कुरालाई आत्मसात गरेका छन्। त्यसैगरी लागू भएको कम्प्याक्ट सकिएपछि एमसिसि र सरकारले समन्वयात्मक रुपमा कम्प्याक्टको कारणबाट भएको आर्थिक वृद्धिबाट गरिबी न्यूनीकरणमा देखिएको प्रगति अनुगमन गर्न तथा परेको प्रभाव मूल्यांकन गर्न सहमत भएका छन्। यस सहयोगको अंशको रुपमा कम्प्याक्ट समाप्त हुनु पूर्व वा अन्त्य भएकोमा र दफा ४.२(च) मा विस्तार गरिएका कारवाहीका समेत सम्बन्धमा पक्षहरुले भविष्यका अनुगमन र मूल्यांकन क्रियाकलापहरु यस्ता क्रियाकलाप संचालन गर्ने व्यक्ति र संस्था र भविष्यका

अनुगमन र मूल्यांकन क्रियाकलापका बजेटको स्वरुपको व्याख्या गर्ने गरी अनुगमन र मूल्यांकन योजना तयार गर्नेछन् । तर दफा ४.२(ज) मा उल्लेख गरिएको कुनै पनि व्यवस्थालाई लागू भएको कम्प्याक्ट सकिएपछि सरकारलाई कुनै सहयोग उपलब्ध गराउन एमसिसि प्रतिबद्ध भएको भनी व्याख्या गरिनेछैन। सरकारले जिम्मेवारी लिएको कम्प्याक्ट अवधि पछिको अनुगमन र मूल्यांकन योजना अन्तर्गतका क्रियाकलाप पूरा गर्न सरकारले आवश्यक सबै स्रोतहरु (वित्तिय र मानवस्रोत समेत) उपलब्ध गराउन सहमत भएको छ।

## धारा ५

## सामान्य व्यवस्था

दफा ५.१प्रतिनिधि

कम्प्याक्टको दफा ४.२ को व्यवस्थालाई यहाँ उल्लेख भए सरह सन्दर्भको रुपमा समावेश गरिएको छ।

दफा ५.२सञ्चार

कम्प्याक्टको दफा ४.१ को व्यवस्थालाई यहाँ उल्लेख भए सरह सन्दर्भको रुपमा समावेश गरिएको छ।एमसिए-नेपाललाई पेश गरिएको दस्ताबेज र सञ्चार देहाय बमोजिमको ठेगानामा पेश गरिनेछ:

मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल (एमसिए-नेपाल)
ध्यानाकर्षण: कार्यकारी निर्देशक
याक एण्ड यति कम्प्लेक्स, दरबारमार्ग
काठमाडौं, नेपाल
फोन: ९७७-१-४२३८३५३
फ्याक्स:९७७-१-४२३८३९२

दफा ५.३हस्तान्तरण

सरकारले एमसिसिको पूर्व लिखित सहमति बिना प्रस्तुत सम्झौता अन्तर्गत वा आफ्ना अधिकार वा दायित्वलाई हस्तान्तरण गर्न, प्रत्यायोजन गर्न वा करार कार्यान्वयन गर्न सुम्पिन सक्नेछैन। सरकारले एमसिसिले अनुरोध गरेकोमा कुनै करारीय अधिकार वा एमसिसि कोषबाट पूर्ण वा आंशिक रुपमा लगानी गरेको करार सम्पादन वा करारको कुनै पक्षले सम्पादन उल्लंघन गरेको सम्बन्धमा सरकार वा एमसिए-नेपालले व्यहोर्ने दायित्वलाई एमसिसलाई हस्तान्तरण गर्न सहमति गरेको छ।

दफा ५.४संशोधन, छुट

पक्षहरुले हस्ताक्षर गरेको लिखित सम्झौता मार्फत मात्र पक्षहरुले प्रस्तुत सम्झौता संशोधन गर्न सक्नेछन्। त्यस्तो सम्झौताले त्यस्तो सम्झौता कसरी लागू हुने भन्ने व्यवस्था गर्नेछ। तर प्रत्येक पक्षको प्रमुख प्रतिनिधि वा कुनै अतिरिक्त प्रतिनिधिले हस्ताक्षर गरेको लिखित सहमतिबाट सरकार र एमसिसिले त्यस्तो सम्झौता लागू गर्न वा कुनै अनसूचीलाई फेरबदल गर्न सक्नेछन्। प्रस्तुत सम्झौतामा गरिएको कुनै फेरबदललाई सरकारले कुनै थप कारवाही बिना नै लागू हुने, वा नेपालको कुनै थप आन्तरिक आवश्यकता पूरा गर्ने (कुनै संसदीय कारवाही समेत) कारवाही बिना नै लागू हुने कुरामा पक्षहरु सहमत छन्। यस सम्झौता अन्तर्गतको अधिकार वा दायित्वको त्याग लिखित रुपमा उपलब्ध भएमा मात्र प्रभावकारी हुनेछ।

दफा ५.५संलग्न दस्तावेज

प्रस्तुत सम्झौता अन्तर्गत संलग्न प्रत्येक दस्तावेज, अनुसूची र परिशिष्ट यस सम्झौताको अभिन्न अङ्ग हुनेछन्।

दफा ५.६ <u>अमिल्दोपना</u>

यस सम्झौता र कम्प्याक्टको बीचमा कुनै कुरा बाझिएमा कम्प्याक्टको व्यवस्था लागू हुनेछ। यस सम्झौता र अन्य कुनै अतिरिक्त सम्झौता वा कुनै कार्यान्वयन योजना दस्तावेजको बीचमा कुनै कुरा बाझिएमा यस सम्झौताको व्यवस्था लागू हुनेछ।

दफा ५.७ <u>यस सम्झौताको अन्त्य</u>

(क) एमसिसिले कुनै कारण बिना नै सरकारलाई तीस (३०) दिनको लिखित सूचना दिएर पूर्ण वा आंशिक रुपमा प्रस्तुत सम्झौता अन्त्य गर्न सक्नेछ। कम्प्याक्टको दफा ५.१(क) बमोजिम सरकारले कम्प्याक्ट अन्त्य गरेसँगै प्रस्तुत सम्झौताको पनि अन्त्य हुनेछ।

(ख) एमसिसिले कम्प्याक्टको दफा ५.१(ख) अन्तर्गत कम्प्याक्ट वा एमसिसि लगानीको अन्त्य वा निलम्बन हुने कुनै घटना घटेको निर्धारण गरेकोमा तत्काल एमसिए-नेपाल र सरकारलाई लिखित सूचना दिएर पूर्ण वा आंशिक रुपमा प्रस्तुत सम्झौता अन्त्य गर्न सक्नेछ।

(ग) यसमा व्यवस्था भए बमोजिमका शर्तको आधारमा पहिले नै अन्त्य भएमा बाहेक प्रस्तुत सम्झौता कम्प्याक्ट समाप्त भएको वा अन्त्य भएसँगै अन्त्य हुनेछ। तर, एमसिसिले निर्धारण गरेमा दफा ४.२(ख) वा (ग) सँग नबाझिने गरी कम्प्याक्ट समाप्त वा अन्त्य हुनु पूर्व भुक्तानी गर्न बाँकी कुनै दायित्व भएमा (र एमसिसिले पहिला नै वितरण अनुरोध स्वीकृत गरेकोमा) प्रस्तुत सम्झौताका व्यवस्था त्यस्ता दायित्व पूरा नभएसम्म लागि लागू हुनेछन्।

दफा ५.८ <u>कायमै रहने</u>

यस सम्झौताको कुनै समाप्ति, निलम्बन वा अन्त्य जेसुकै भएता पनि सम्झौताको दफा १.२(ख)(१), १.२(ख) (२), २.११, ४.२, ५.१,५.२,५.३, ५.८, ५.९ र ५.१० का व्यवस्थाहरु कायमै रहने छन्।

दफा ५.९ <u>एमसिसिलाई उपलब्ध गराइएको जानकारी</u>

एमसिसिले कुनै वितरण अनुरोध, प्रतिवेदन वा तयार गरोएको दस्तावेजमा भएको वा कार्यक्रमसँग सम्बन्धित उपलब्ध गराइएको कुनै जानकारी प्रयोग गर्न र (क) आफ्नो कर्मचारी, ठेकेदार, एजेन्ट र प्रतिनिधिलाई; (ख) कुनै संयक्त राज्य प्रहरी महानिरिक्षक वा संयुक्त राज्य सरकारको जिम्मेवार अधिकृत वा एमसिसिको आफ्नो प्रतिवेदन गर्ने आवश्यकता पूरा गर्ने अन्यलाई; (ग) निश्चित प्रकृतिका जानकारीलाई सार्वजनिक रुपमा उपलब्ध गराउन र पारदर्शिता कायम गर्ने उद्देश्यले एमसिसिको वेभसाइटमा प्रविष्ट गराउन; (घ) एमसिसि र सोको कार्यक्रमको विज्ञापन गर्न सँग सम्बन्धित, वा (ङ) अन्य कुनै तवरले सार्वजनिक गर्न सक्नेछ।

दफा ५.१० <u>लागू हुने कानून</u>

पक्षहरुले प्रस्तुत सम्झौता कम्प्याक्ट कार्यान्वयन गर्नको लागि गरिएको अन्तर्राष्ट्रिय सम्झौताको रुपमा ग्रहण गर्न र त्यसलाई कम्प्याक्टसँग नबाझिने गरी व्याख्या गर्न र यसको व्याख्यामा अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तहरु लागू गर्न सहमति गरेका छन्।

दफा ५.११ <u>समकक्षी: विद्युतीय सम्प्रेषण</u>

यस सम्झौतामा र यस सम्झौतामा भएको कुनै संशोधनमा गरिएको हस्ताक्षर सोही पृष्ठमा देखिने वा आदानप्रदान पत्न वा कुटनीतिक पत्नमा भएको मौलिक हस्ताक्षर बमोजिम नै हुनेछ।

**हस्ताक्षर पृष्ठ यसपछि अर्को पृष्ठमा रहेको छ**

जसको प्रमाणस्वरुप प्रत्येक पक्षले आफूले रितपूर्वक अख्तियारी दिएको प्रतिनिधि मार्फत यस सम्झौतामा हस्ताक्षर गरेका छन् ।

ईति सम्बत् सन् २०१९ साल सेप्टेम्बर ............ दिन काठमाडौं, नेपालमा अँग्रेजी भाषामा मात्र सम्पन्न भएको ।

| | |
|---|---|
| संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको | संयुक्त राज्य अमेरिकाको तर्फबाट |
| तर्फबाट, अर्थ मन्त्रालय मार्फत | मिलेनियम च्यालेन्ज कर्पोरेशन मार्फत |
| ..................................... | ..................................... |
| नामः डा. युवराज खतिवडा | नामः एनथोनी वेल्चर |
| पदः अर्थ मन्त्री | पदः उपाध्यक्ष, कम्प्याक्ट संचालन |

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको तर्फबाट मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच सम्पन्न भएको कार्यक्रम कार्यान्वयन सम्झौताको हस्ताक्षर पृष्ठ**

# अनुसूची-१

## परिभाषा

**सम्झौताको** अर्थ  यस सम्झौताको प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**लेखापरीक्षण योजनाको** अर्थ दफा २.१(ग) मा उल्लेख भए बमोजिम हुनेछ।

**लेखापरीक्षकको** अर्थ दफा २.१०(ख) मा उल्लेख भए बमोजिम हुनेछ।

**लेखापरीक्षक÷पुनरावलोकनकर्ता सम्झौताको** अर्थ दफा २.१०(ख) मा उल्लेख भए बमोजिम हुनेछ।

**बैंकको** अर्थ दफा ३.१(ग)(२)मा उल्लेख भए बमोजिम हुनेछ।

**बिसिएसको** अर्थ दफा २.१ (घ) मा उल्लेख भए बमोजिम हुनेछ।

**बिनियमको** अर्थ दफा १.३(ख)(५) मा उल्लेख भए बमोजिम हुनेछ।

**सिडिएफ सम्झौताको** अर्थ दफा १.३(ख)(२) मा उल्लेख भए बमोजिम हुनेछ।

**साझा भुक्तानी प्रणालीको** भन्नाले वित्तिय उत्तरदायी योजनामा थप विस्तार गरिए बमोजिम एमसिसि वित्तिय व्यवस्थाबाट प्रत्यक्ष रुपमा प्रदायकलाई भुक्तानी गरिएने प्रणाली सम्झनुपर्छ।

**कम्प्याक्टको** अर्थ यस सम्झौतामा कम्प्याक्ट भनी पहिलो पटक प्रयोग भए बमोजिम हुनेछ।

**योगदान खाताको** अर्थ अनुसूची ४ मा उल्लेख भए बमोजिम हुनेछ।

**समकक्षीको** अर्थ दफा १.३(ख) (६) मा उल्लेख भए बमोजिम हुनेछ।

**तोकिएको अधिकार र दायित्वको** अर्थ दफा १.३(क) (१) मा उल्लेख भए बमोजिम हुनेछ।

**विस्तृत वित्तिय योजनाको** अर्थ दफा २.१(ख) मा उल्लेख भए बमोजिम हुनेछ।

**वितरण अवधिको** अर्थ दफा ३.१(क) मा उल्लेख भए बमोजिम हुनेछ।

**वातावरणीय र सामाजिक प्रभाव मूल्यांकन** भन्नाले प्रस्तावित व्यवसायिक क्रियाकलाप वा परियोजनाको सम्भावित वातावरणीय र सामाजिक प्रभाव अनुमान गर्ने, पहिचान गर्ने र मूल्यांकन गर्ने, विकल्पको मूल्यांकन गर्ने र उचित जोखीम न्यूनीकरण, व्यवस्थापन र अनुगमनका उपाय डिजाइन गर्ने प्रक्रिया सम्झनुपर्छ ।

**वातावरणीय र सामाजिक व्यवस्थापन योजना वा इएसएमपि** भन्नाले इएसआए प्रक्रियामा पहिचान गरिएका सामाजिक र वातावरणीय प्रभाव, जोखिम र दायित्वलाई प्रस्तावित परियोजनाको निर्माण, संचालन र समाप्तिमा प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न अवलम्बन गर्नुपर्ने उपायहरु निर्दिष्ट गरिएको योजना वा रणनीति सम्झनुपर्छ।

**वातावरणीय र सामाजिक व्यवस्थापन प्रणाली वा इएसएमएस** भन्नाले संस्थाको ग्राहक, लगानीकर्ता वा सरकारवालाको सम्बन्धमा संस्तालाई हुनसक्ने वातावरणीय र सामाजिक जोखिमको पहिचान र व्यवस्थापनको लागि आवश्यक नीति, कार्यविधि, उपकरण र आन्तरिक क्षमताको समूहलाई सम्झनुपर्छ।

**आर्थिक उत्तरदायित्व योजनाको** अर्थ दफा २.२ मा उल्लेख भए बमोजिम हुनेछ।

**वित्तिय प्रतिनिधि सम्झौताको** अर्थ दफा २.१०(क) मा उल्लेख भए बमोजिम हुनेछ।

**वित्तिय प्रतिनिधि वितरणको प्रमाणपत्रको** अर्थ दफा ३.४(क) (५) मा उल्लेख भए बमोजिम हुनेछ।

**खर्च सम्झौताको** अर्थ दफा १.३(ख)(६) मा उल्लेख भए बमोजिम हुनेछ।

**सामान्य व्यवस्था अनुसूची** भन्नाले एमसिसिको वेभसाइटमा प्रविष्टि गरिएको वा अन्य तवरबाट सरकारलाई समय समयमा उपलब्ध गराइएको सामान्य व्यवस्था भन्ने शीर्षकको अनुसूची सम्झनुपर्छ।

**संचालन निर्देशिका** भन्नाले उत्तरदायी निकाय र कार्यान्वियन संरचना सम्बन्धी एमसिसिको निर्देशिका सम्झनुपर्छ।

**संचालन दस्तावेजको** अर्थ दफा २.९(छ) मा उल्लेख भए बमोजिम हुनेछ।

**सरकारको** अर्थ यस सम्झौताको प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ।

**आइएफसी पर्फमेन्स स्टेण्डर्डको** अर्थ दफा १.२(ख)(३) मा उल्लेख भए बमोजिम हुनेछ।

**कार्यान्वयन योजनाको** अर्थ दफा २.१ मा उल्लेख भए बमोजिम हुनेछ।

**कार्यान्वयन योजना दस्तावेजको** अर्थ दफा २.१ मा उल्लेख भए बमोजिम हुनेछ।

**दायित्व** अर्थ दफा १.२(ख)(१) मा उल्लेख भए बमोजिम हुनेछ।

**स्थायी खाताको** अर्थ दफा ३.१(ग)(१) मा उल्लेख भए बमोजिम हुनेछ।

**संयुक्त कोषको** अर्थ अनुसूची २ को खण्ड ग मा उल्लेख भए बमोजिम हुनेछ।

**महत्वपूर्ण सम्झौताको** अर्थ दफा २.९(ग) मा उल्लेख भए बमोजिम हुनेछ।

**एमसिसए वितरण प्रमाणपत्रको** अर्थ दफा ३.४(क) (३) मा उल्लेख भए बमोजिम हुनेछ।

**एमसिए-नेपालको वेभसाइटको** अर्थ दफा २.११(ख) मा उल्लेख भए बमोजिम देहायको मिति बमोजिमको ठेगाना *https://mcanp.org.* समेतको हुनेछ।

**एमसिसिको** अर्थ यस सम्झौताको प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ।

**एमसिसिको लैंगिक समावेशीकरण निर्देशिका** भन्नाले एमसिसिको कार्यक्रम विकास र कार्यान्वयनका सबै चरणहरुमा लैंगिक समावेशीकरणमा कार्यविधिगत प्रक्रिया र माइलस्टोन सम्बन्धी निर्देशिका सम्झनुपर्छ।

**बहुवर्षीय वित्तिय योजनाको** अर्थ दफा २.१(ख) मा उल्लेख भए बमोजिम हुनेछ।

**पर्यवेक्षकको** अर्थ संचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

**अधिकृतको** अर्थ संचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

**पक्ष र पक्षहरुका** अर्थ यस सम्झौताको प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ।

**आवधिक प्रतिवेदनको** अर्थ दफा २.८(क) मा उल्लेख भए बमोजिम हुनेछ।

**स्वीकृत निकायको** अर्थ दफा १.२(क) मा उल्लेख भए बमोजिम हुनेछ।

**खरीद प्रतिनिधि सम्झौताको** अर्थ दफा २.१०(ग) मा उल्लेख भए बमोजिम हुनेछ।

**खरीद योजनाको** अर्थ दफा २.१(घ) मा उल्लेख भए बमोजिम हुनेछ।

**कार्यक्रम समापन योजना** भन्नाले कार्यक्रम समापन निर्देशिका अन्तर्गत तयार गरिएको समापन योजना सम्झनुपर्छ।

**पुनर्स्थापना कार्ययोजना वा र्‍याप** भन्नाले परियोजना कार्यान्वयनबाट भौतिक रुपमा विस्थापित व्यक्तिलाई पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न डिजाइन गरिएको योजना सम्झनुपर्छ।

**पुनरावलोकनकर्ताको** अर्थ दफा २.१०(ख) मा उल्लेख भए बमोजिम हुनेछ।

**सामाजिक र लैंगिक समावेशीकरण योजनाको** अर्थ दफा २.५ मा उल्लेख भए बमोजिम हुनेछ।

**रणनीतिक सडक मर्मत कार्य सम्बन्धी क्रियाकलाप** भन्नाले कम्प्याक्टको अनुसूची १ को खण्ड ख(२)(क)(२)मा उल्लेख गरिएका क्रियाकलाप सम्झनुपर्छ।

**प्रसारण लाईन सम्बन्धी क्रियाकलाप** भन्नाले कम्प्याक्टको अनुसूची १ को खण्ड ख(१)(क)(१)मा उल्लेख गरिएका क्रियाकलाप सम्झनुपर्छ।

**कार्ययोजनाको** अर्थ दफा २.५ मा उल्लेख भए बमोजिम हुनेछ।

# अनुसूची २

## कार्यक्रम अन्तर्गतको लगानी रकमको पूर्व शर्त

**खण्ड क सबै परियोजनाका पूर्व शर्त**

(१) कार्यक्रम अन्तर्गत लगानी गर्ने रकमको प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि वा कम्प्याक्ट लागू भएको नब्बे (९०) दिन पछि सबै परियोजनाको लागि एमसिए-नेपालले, रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी विस्तृत सामाजिक र लैंगिक समावेशीकरण योजना तथा अनुगमन र मूल्यांकन योजना तयार र स्वीकृत गर्नेछ।

(२) दिइएको परियोजना वा क्रियाकलापको सम्बन्धमा निश्चित कार्य वा निर्माण ठेक्काको लागि कार्यक्रम अन्तर्गतको लगानी रकमको प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि एमसिए-नेपालले एमसिसिलाई, रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी एमसिए-नेपालले वातावरणीय र सामाजिक व्यवस्थापन प्रणाली (***"इएसएमएस"***) को सबै आवश्यक अवयव स्थापना गरेको प्रमाण पेश गरेको हुनेछ।

(३) दिइएको परियोजना वा क्रियाकलापको सम्बन्धमा निश्चित कार्य वा निर्माण ठेक्का अन्तर्गत भुक्तानी गर्न कार्यक्रम अन्तर्गतको लगानी रकमको प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि एमसिए-नेपालले एमसिसिलाई, रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी प्रमाण पेश गरेको हुनुपर्नेछ:

(क) एमसिए-नेपाल वा उपयुक्त सरकारी निकायले त्यस्तो क्रियाकलापको सम्बन्धमा, प्रत्येकलाई रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी वातावरणीय र सामाजिक प्रभाव मूल्यांकन ***("इएसआइए"),*** वातावरणीय र सामाजिक व्यवस्थापन योजना ***("इएसएमपि")*** र, वा पुनर्स्थापना कार्ययोजना ***("आरएपि")*** (उपयुक्त हुने भएमा) तयार पारेको हुनेछ; र

(ख) एमसिए-नेपाल वा उपयुक्त सरकारी निकायले उपयुक्ततानुसार प्रत्येक इएसआइए, इएसएमपि, बनको निकासा योजना, स्वास्थ्य तथा सुरक्षा व्यवस्था योजना, आरएपि वा अन्य इएसएमएसका क्रियाकलापहरुका आवश्यकतालाई मुख्य रुपमा र एमसिसिको वातावरणीय निर्देशिका (सन्दर्भको रुपमा यहाँ उल्लिखित आएइफसी पर्फमेन्स स्ट्याण्डर्ड समेत) सँग नबाझिने गरी कार्यान्वयन गर्नेछ।

(४) कार्यक्रम अन्तर्गतको लगानी रकमको कुनै प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि वा कम्प्याक्ट अवधि शुरु भएको पाँच (५) वर्ष पछि सरकारले एमसिसिलाई एमसिसिको कार्यक्रम समापन निर्देशिका बमोजिम कार्यक्रम समापन योजनाको प्रारम्भिक मस्यौदा पेश गरेको हुनुपर्नेछ।

(५) प्रत्येक क्रियाकलापको लागि प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि एमसिए-नेपाल र सबै उपयुक्त सरकारी निकायले लगानी प्राप्त गर्ने निश्चित क्रियाकलापको लागि सम्बन्धित कुनै परियोजना सहयोग सम्झौतामा हस्ताक्षर गरेको हुनेछ।

**खण्ड ख विद्युत प्रसारण परियोजनाको पूर्व शर्त**

(१) विद्युत प्रसारण परियोजनाको लागि कार्यक्रम अन्तर्गतको लगानी रकमको कुनै प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी कम्प्याक्टको अनुसूची २ र यस सम्झौताको अनुसूची ३ मा उल्लेख भए बमोजिम सरकारको योगदानको वितरण कार्यतालिका र कार्यविधि सम्बन्धी प्रमाण उपलब्ध गराएको हुनेछ र सरकारले त्यस्तो कार्यतालिकाको परिपालाना गर्नेछ।

(२)	प्रसारण लाइन क्रियाकलापको अंशको रुपमा नयाँ बुटवलदेखि नेपाल-भारतको सीमाक्षेत्रको प्रसारण लाइनको लागि प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी नेपाल-भारत सीमा र गोरखपुर बीचको प्रसारण लाइनको निर्माण पूरा हुने क्रममा रहेको वा कम्प्याक्ट सकिने मितिसम्ममा पूरा हुने गरी कदम चालिएको कुरा प्रत्याभूति हुने प्रमाण उपलब्ध गराएको हुनेछ।

(३) विद्युत प्रसारण परियोजनाको निश्चित कार्य वा निर्माण ठेक्का अन्तर्गतको भुक्तानीको लागि प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि, सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी प्रस्तावित एमसिसिले प्रायोजन गरेको परियोजनाको लागि आन्तरिक नियम र एमसिसिको मापदण्ड बमोजिम बनको निकासा सम्बन्धी स्वीकृति जारी भएको प्रमाण उपलब्ध गराएको हुनेछ।

(४)	विद्युत प्रसारण परियोजनाको निश्चित कार्य वा निर्माण ठेक्का अन्तर्गतको भुक्तानीको लागि प्रारम्भिक रकम वितरण गरिनु भन्दा अगाडि सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी हेटौंडा र लप्सीफेदीमा ४०० केभी प्रसारण लाइनलाई समायोजन गर्न आवश्यक सबस्टेसनको स्तरोन्नति र निर्माणको लागि कार्यतालिका तयार गरी पेश गरिएको योजनामा लगानीको प्रतिबद्धता जनाएको हुनेछ।

**खण्ड ग	सडक मर्मत परियोजनाको पूर्व शर्त**

(१)	रणनीतिक सडक मर्मत कार्यको लागि संयुक्त कोष ***("संयुक्त कोष")*** अवयवको प्रारम्भिक वितरण गरिनु भन्दा अगाडि सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी आगामी वर्षको लागि सडक मर्मत कार्यमा कम्तिमा पनि ४७,५०,०००।-(चार करोड पचहत्तर लाख) अमेरिकी डलर बजेट बिनियोजन गरेको प्रमाण उपलब्ध गराएको हुनुपर्नेछ।

(२)	संयुक्त कोषको दोस्रो निकासाको लागि वितरण गरिनु भन्दा अगाडि (१) सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी आगामी वर्षको लागि नियमित, चालू र आवधिक मर्मत कार्यको लागि सडक मर्मत सम्बन्धमा कम्तिमा पनि ५५,०००,०००।- (पाँच करोड पचास लाख) अमेरिकी डलर बजेट बिनियोजन गरेको प्रमाण उपलब्ध गराएको हुनुपर्नेछ; (२) सरकारले अघिल्लो वर्षमा वास्तवमा नै ४७,५००,०००।-(चार करोड पचहत्तर लाख) अमेरिकी डलर बजेट खर्च गरेको प्रमाण उपलब्ध गराएको हुनुपर्नेछ। सरकारले अगाडि बिनियोजन गरेको बजेट खर्च नगरेकोमा वास्तविक खर्च र ४७,५००,०००।-( चार करोड पचहत्तर लाख) बीचमा भएको त्यो भिन्नतालाई मिलान गर्नको लागि ५५,०००,०००।-(पाँच करोड पचास लाख) अमेरिकी डलरको अतिरिक्त त्यो फरक रकम समेतको बजेट बनियोजन गर्नेछ।

(३)	संयुक्त कोषको तेस्रो निकासाको लागि वितरण गरिनु भन्दा अगाडि (१) सरकारले रुप र सारमा एमसिसि सन्तुष्ट हुने गरी आगामी वर्षको लागि नियमित, चालू र आवधिक मर्मत कार्यको लागि सडक मर्मत सम्बन्धमा कम्तिमा पनि ६२,५००,०००।- (छ करोड पचपन्न लाख) अमेरिकी डलरको बजेट बिनियोजन गरेको गरेको प्रमाण उपलब्ध गराएको हुनुपर्नेछ; र (ख) सरकारले अघिल्लो वर्षमा वास्तवमा नै ५५,०००,०००।- अमेरिकी डलर बजेट खर्च गरेको प्रमाण उपलब्ध गराएको हुनुपर्नेछ। सरकारले अगाडि बिनियोजन गरेको बजेट खर्च नगरेकोमा वास्तविक खर्च र ५५,००,०००।- बीचमा भएको त्यो भिन्नतालाई मिलान गर्नको लागि ६२,५००,०००।- अमेरिकी डलरको अतिरिक्त त्यो फरक रकम समेतको बजेट बिनियोजन गर्नेछ।

# <u>अनुसूची ३</u>

## अपेक्षित सरकारी योगदान

| अमेरिकी डलर | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अवयव** | **कम्प्याक्ट लागू हुनु पूर्वको अवधि** | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौ वर्ष** | **कुल** |
| **विद्युत प्रसारण परियोजना** | ४०,०००,०००।- | ३०,०००,०००।- | २३,४००,०००।- | २७,५००,०००।- | | | १२०,९००,०००।- |
| **सडक मर्मत परियोजना** | | 1,१००,०००।- | १,०००,०००।- | | | | २,१००,०००।- |
| **कार्यक्रम व्यवस्थापन र प्रशासन** | | २,३००,०००।- | १,३००,०००।- | १,९००,०००।- | १,५००,०००।- | | ७,०००,०००।- |
| **<u>कुल जम्मा</u>** | ४०,०००,०००।- | ३३,४००,०००।- | २५,७००,०००।- | २९,४००,०००।- | 1,500,000।- | | १३०,०००,०००।- |

# अनुसूची ४

## <u>सरकारी योगदानको व्यवस्थापन सम्बन्धी सिद्धान्त</u>

**क. <u>सामान्य सिद्धान्त</u>**

१. पक्षहरुले लिखित रुपमा अन्यथा सहमति गरेकोमा बाहेक सरकारी योगदान, एमसिसिको लगानी सरह नै कम्प्याक्ट र प्रस्तुत सम्झौताका आवश्यकता र व्यवस्था अनुरुप हुनेछ। द्विविधा निरुपणको लागि सरकारी योगदानले पूर्ण वा आंशिक रुपमा गरिएको कुनै क्रियाकलापलाई कार्यक्रम खरीद निर्देशिका, एमसिसि वातावरणीय निर्देशिका र सामाजिक र लैंगिक समावेशीकरण योजना समेतको पालना गर्नेछ।

२. सरकारी योगदान नेपाल सरकारले नि:शर्त अनुदानको रुपमा उपलब्ध गराउनेछ र कम्प्याक्ट अवधिको लागि कम्प्याक्ट अन्तर्गत गर्न सकिने कुनै पनि खर्चको लागि प्रयोग गर्न सकिनेछ।

३. <u>अनुसूची ३</u> मा सूचीकृत स्वीकृत निकायलाई वितरणको लागि सरकारी योगदान शुरु हुनेछ। बिनियोजन गरिएको वर्षमा प्रयोग नभएको कुनै कोष अर्को वर्षमा क्रमागत हुनेछ र कम्प्याक्टको लागि तत्काल प्रयोग गर्न उपलब्ध हुनेछ। एमसिसि र सरकारले सरकारी योगदानको कुनै अंश कम्प्याक्ट अवधिको अन्त्यसम्म खर्च नभएकोमा सरकारले त्यसरी प्रयोग गर्न बाँकी रहेको सरकारी योगदानको अंशलाई परियोजना उद्देश्यको दीगोपना सुनिश्चित गर्नमा लगाउनेछ भनी सोचेका छन्।

**ख. सरकारी योगदानको वितरण सम्बन्धी सिद्धान्त**

१. सरकारी योगदानको उचित व्यवस्था र लेखाङ्कनको लागि सरकारी योगदानको पहिलो वितरण प्राप्त गर्नु पूर्व स्वीकृत निकायले बैंक सम्झौता अन्तर्गत छुट्टै, विभाजित खाता ***("योगदान खाता")*** खोल्नेछ। अन्य कुनै पनि खातामा सरकारी योगदान प्राप्त गर्ने वा निकासा राख्ने अधिकार हुनेछैन।

२. स्वीकृत निकायको अनुरोधमा सरकारले त्रैमासिक आधारमा जुलाई २०१८( २०७५ साउन) देखि योगदान खातामा सरकारी योगदान वितरण गर्नेछ।

३. स्वीकृत निकायले नेपालको महालेखा नियन्त्रकको कार्यालय अन्तर्गतको नेपालको कोष कार्यालयबाट (१) स्वीकृत गरिएको कार्यक्रमगत खर्च दस्तावेज; र (२) अघिल्लो त्रैमासिकमा भएको निकासा देखिको क्रियाकलापको प्रगति प्रतिवेदन पेश गरी सरकारी योगदानको सबै निकासाका लागि अनुरोध गर्नेछ। सरकारले सरकारी योगदानको निकासा गर्ने प्रारम्भिक शर्तको रुपमा अघिल्लो त्रैमासिकमा गरिएको निकासालाई स्वीकृत निकायले खर्च गरेकोलाई हेर्नेछ। भविष्यमा त्रैमासिक निकासा रकमको लागि गरिएको अनुरोधको रकमलाई अघिल्लो निकासाको कोषबाट रकम उपलब्ध भएकोमा सोही अनुसार घटाउनेछ ।

४. स्वीकृत निकायबाट निकासाको लागि सम्बन्धित दस्तावेज पेश गरेपछि नेपालको कोष कार्यालयले स्वीकृत निकायको निकासको अनुरोध स्वीकृत गर्न कुनै कारणविना नै रोक्का गर्नेछैन।

५. स्वीकृत निकायबाट पेश बमोजिम स्वीकृत भएमा, नेपालको कोष कार्यालयले अर्को त्रैमासिकमा हुने योगदान खाताको कोषको निकासा गर्नेछ।

६. अघिल्लो त्रैमासिकमा खर्च नभएको कुनै कोषलाई कम्प्याक्ट अवधि भरि स्वीकृत निकायले निरन्तर खर्च गर्न सक्ने गरी उपलब्ध हुनेछ।

७. सरकारी योगदानमा जम्मा हुने र विभाजित खातामा हुने कुनै र सबै ब्याज स्वीकृत निकायको नाममा लेखाङ्कन हुनेछ।सबै जम्मा भएको ब्याजलाई विभाजित खातामा उपलब्ध भएपछि सरकारलाई त्रैमासिक रुपमा बुझाइनेछ।

**ग. सरकारी योगदानको निरीक्षण**

१. एमसिए-नेपालले सरकारी योगदानलाई पूर्ण रुपमा र समयमा नै कार्यान्वयन योजना दस्तावेजमा समावेश गरिएको सुनिश्चित गर्नेछ।